आ.व.२०६६/०६७ को

# वार्षिक प्रतिवेदन

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
अनामनगर, काठमाडौं

**नेपाल सरकार**

# राष्ट्रिय सतर्कता केन्द्र

२०५९

फोन नं. : ४२२७०९६, ४२२२५३१, ४२२२९५५, ४२२४९०१
फ्याक्स : ४२१६७०६, ४२६५६०१
इमेल : navic@nvc.gov.np
वेवसाइट : www.nvc.gov.np
अनामनगर, काठमाडौं ।

विषय : आठौं वर्षको वार्षिक प्रतिवेदन ।

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार,काठमाण्डौ ।

राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को व्यवस्था अनुरुप यस केन्द्रले आ.व.२०६६।०६७ मा सम्पादन गरेका कामहरूको प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर प्रस्तुत गरेको छु ।

मितिः २०६७ भाद्र

ताना गौतम
प्रमुख अधिकृत

# हाम्रो धारणा

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम स्थापित यस केन्द्र हाल आठौं वर्षमा कार्यरत छ ।

यस केन्द्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ तथा नेपाल सरकारबाट बेलाबेलामा प्राप्त निर्देशन अनुसार कार्य सम्पादन गर्दै आएको छ। नेपाल जस्तो विकासोन्मुख मुलुकमा भ्रष्टाचार रोकथाम तथा नियन्त्रण गर्ने कार्य सजिलो छैन । गरिबी, अशिक्षा तथा बेरोजगारीले व्याप्त नेपाल जस्तो देशमा भ्रष्टाचार विरुद्ध जनमत निर्माण गर्ने, जनचेतना अभिबृद्धि गर्ने तथा अन्य निरोधात्मक क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ र सो को लागि प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहेको यो केन्द्र प्रयत्नशील छ ।

भ्रष्टाचार जस्तो गम्भीर अपराधलाई नियन्त्रण गर्न सरकार एक्लैको प्रयास मात्र प्रयाप्त हुँदैन । यसको लागि संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि कार्यरत छ । भ्रष्टाचार रोकथाम तथा नियन्त्रण गर्न सरकार, संवैधानिक निकायको अलावा अन्य सरकारी तथा गैर सरकारी निकायहरू, राजनैतिक दल, नागरिक समाज, विद्यार्थी, पत्रकार, वकिल लगायतका संस्थाहरूसँगको सहकार्य पनि आवश्यक पर्ने यथार्थलाई मनन गरी तदनुरुपको कार्य पनि केन्द्रले गर्दै आएको छ ।

यस केन्द्रले २०६६ श्रावणदेखि २०६७ आषाढ मसान्तसम्म सम्पादन गरेका मुख्य मुख्य क्रियाकलापहरूलाई समेटेर प्रस्तुत प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदन सम्वद्ध सबै पक्षलाई उपयोगी हुने विश्वास लिंदै केन्द्रको कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने संवैधानिक, सरकारी, गैर सरकारी निकायहरू, राजनैतिक दल, नागरिक समाज, पत्रकार लगायतका सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । साथै, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न केन्द्रका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ ।

**ताना गौतम**
प्रमुख अधिकृत

**भाद्र, २०६७**

# विषय सूची


| विषय | | | पेज नं. |
|---|---|---|---|
| हाम्रो धारणा | | | |
| १. | **संस्थागत विकासक्रम** | | **१-१** |
| २. | **कार्यक्षेत्र तथा कानूनी व्यवस्था** | | **१-३** |
| ३. | **संगठनात्मक विकास** | | **३-४** |
| | (क) | संरचना र जनशक्ति | ३ |
| | (ख) | केन्द्रको सुदृढीकरणका लागि गरिएका प्रयासहरू | ३ |
| ४. | **आर्थिक विवरण तथा बेरुजुको स्थिति** | | **४-४** |
| ५. | **केन्द्रले सम्पन्न गरेका कार्यहरू** | | **४-१६** |
| | (क) | सूचना संकलन | ४ |
| | (ख) | उजुरी व्यवस्थापन | ५ |
| | (ग) | अनुगमन तथा निरीक्षण | ५ |
| | (घ) | निगरानी तथा छड्के जाँच | ६ |
| | (ङ) | सम्पत्ति विवरण तथा आयको अनुगमन | ८ |
| | (च) | जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रम | ९ |
| | (छ) | नागरिक बडापत्र कार्यान्वयन अनुगमन | ११ |
| | (ज) | सतर्क तथा ध्यानाकर्षण | १२ |
| | (झ) | केन्द्रले दिएका निर्देशनहरू | १३ |
| | (ञ) | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कारवाहीको लागि लेखी पठाइएका विषयहरू | १५ |
| ६. | **प्राविधिक परीक्षण** | | **१६-२३** |
| | (क) | पृष्ठभूमि | १६ |
| | (ख) | प्राविधिक परीक्षणका चरणहरू | १७ |
| | (ग) | प्राविधिक परीक्षणमा हेरिने विषयहरू | १७ |
| | (घ) | आ.व. २०६६/०६७ मा प्राविधिक परीक्षण गरिएका आयोजनाहरू | १८ |
| | (ङ) | प्राविधिक परीक्षण तालिम | २२ |
| | (च) | प्राविधिक परीक्षणबाट अपेक्षित फाइदाहरू | २२ |
| | (छ) | हालसम्मको उपलब्धी | २२ |
| ७. | **भविष्यको कार्ययोजना** | | **२३-२४** |
| ८. | **केन्द्रका समस्याहरू** | | **२४-२५** |
| अनुसूचीहरू | | | |
| | (क) | हालसम्मका प्रमुख अधिकृतहरूको नामावली | |
| | (ख) | संगठन तालिका | |
| | (ग) | दरबन्दी तथा पदपूर्ति विवरण | |
| | (घ) | आ.व. २०६६/०६७ को वार्षिक आर्थिक विवरण | |
| | (ङ) | आ.व.को हिसावले स्वीकृत वार्षिक बजेट, निकासा र खर्च विवरण | |
| | (च) | बेरुजु स्थितिको आर्थिक वर्षगत विवरण | |
| | (छ) | केन्द्र स्थापना भएदेखि आर्थिक वर्षगत रूपमा उजुरी विवरण | |
| | (ज) | २०६७ साल आषाढ मसान्तसम्मको मन्त्रालयगत उजुरी तथा फछ्र्यौट विवरण | |
| | (झ) | सम्पत्ति विवरणको संशोधित ढाँचा | |
| | (ञ) | सम्पत्ति विवरण पेश गर्नको लागि तोकिएको संशोधित निकाय | |
| | (ट) | २०६७ आषाढ मसान्तसम्म केन्द्रमा कार्यरत कर्मचारीहरूको नामावली | |
| | (ठ) | नागरिक बडापत्र कार्यान्वयन अनुगमनको निष्कर्ष सम्बन्धी विवरण | |
| | (ड) | आ.व. २०६६/०६७ को वार्षिक प्रगति तालिका | |

## १. संस्थागत विकासक्रम

विश्वका अधिकांस मुलुकहरू भ्रष्टाचारको रोगबाट प्रभावित भएकोले यसलाई न्यूनीकरण गर्दै सुशासन कायम गर्न नीतिगत, कानूनी, संस्थागत तथा कार्यगत व्यवस्था मिलाइएको देखिन्छ । विश्वमा पहिलो पटक सन् १८०९ मा स्वीडिस् संसदले मर्कामा परेका जनताको सुनुवाई गर्न न्यायिक अम्बुड्सम्यान (Ombudsman) को स्थापना गर्‍यो । त्यस्तै, सन् १९१९ मा फिनल्याण्ड, सन् १९५५ मा डेनमार्क र सन् १९६० मा न्यूजिल्याण्डले अम्बुड्सम्यानको स्थापना गरे । यी मुलुकमा भ्रष्टाचार र प्रशासनिक अनियमितता विरुद्धका काम कारवाहीमा देखिएको सफलताको फलस्वरुप सन् १९९० को दसकसम्म आइपुग्दा विश्वका अधिकांश मुलुकहरूले सार्वजनिक निकायको काम कारवाहीमा निगरानी गर्न स्वतन्त्र, निष्पक्ष र निर्भीक अम्वुड्सम्यान जस्तै प्रकृतिका निकायहरूको स्थापना गरे । विश्वका कतिपय मुलुकको संविधानमा नै स्वतन्त्र संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तै निकाय वा कार्यकारी अन्तर्गत राष्ट्रिय सतर्कता जस्तै निकाय वा दुबै प्रकृतिका निकायको स्थापना गर्ने संवैधानिक प्रावधान राखिएको पाइन्छ।

नेपालमा राजा सुरेन्द्रको पालामा वि.स. १९१० मा बनेको मुलुकी ऐनमा हाकिमको नाउँमा कराउनेको महल अन्तर्गत हाकिम वा कर्मचारीले घुस खायो भन्ने विषयका उजुरीहरू दर्ता गर्ने, अपील सुन्ने, लगत झिकाउने र पजनी जाहेर गर्ने कानूनी ब्यवस्था थियो । यहीँबाट नै नेपालमा भ्रष्टाचार विरुद्ध राज्यले कानूनी कारवाही गर्ने ब्यवस्थाको सुरुवात भयो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि भ्रष्टाचार र अनुचित कार्यको नियन्त्रणका लागि भ्रष्टाचार निवारण ऐन, २००९ अनुसार वि.सं. २०१० सालमा भ्रष्टाचार निवारण विभागको स्थापना, भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम विशेष प्रहरी विभागको स्थापना, नेपालको संविधान, २०१९ (दोश्रो संशोधन, २०३२) बमोजिम संवैधानिक अङ्गको रूपमा अख्तियार दुरुपयोग निवारण आयोग, नेपाल अधिराज्यको संविधान, २०४७ र अन्तरिम संविधान, २०६३ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गरियो ।

भ्रष्टाचार विरुद्धको प्रतिरोधात्मक र प्रवर्द्धनात्मक कार्यको जिम्मेवारी प्रायः सरकार मातहतकै निकायमा रहने विश्वब्यापी प्रचलन अनुरुप भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी वि.सं. २०५९ साल श्रावण २७ गते राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भयो । यस केन्द्रको स्थापनाका साथै विगतमा भ्रष्टाचार विरुद्ध कार्य गर्दै आएको निकाय विशेष प्रहरी विभागलाई खारेज गरियो ।

## २. कार्यक्षेत्र तथा कानूनी व्यवस्था

राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ र नेपाल सरकारले समय समयमा गरेको निर्णय एवम् निर्देशनको आधारमा कार्य सम्पादन गर्दै आएको छ ।

उपरोक्त ऐन, नियमावली लगायतका कानूनी व्यवस्था तथा रणनीतिलाई समेत हेर्दा यस केन्द्रको कार्यक्षेत्र निम्नानुसार रहेको पाइन्छ :-

<u>भ्रष्टाचार निवारण ऐन, २०५९</u>

सर्वसाधारणको सुख शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा निर्माण भएको भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद ४ मा भ्रष्टाचार निगरानी सम्बन्धी व्यवस्थाका लागि राष्ट्रिय सतर्कता केन्द्रको परिकल्पना गरेको देखिन्छ । यस ऐनको दफा ३७ मा राष्ट्रिय सतर्कता केन्द्रको सम्बन्धमा निम्न व्यवस्था गरेको देखिन्छ :-

(क) भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न नेपाल सरकारले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी एक राष्ट्रिय सतर्कता केन्द्र स्थापना गर्न सक्नेछ ।

(ख) केन्द्रको प्रमुखको रूपमा नेपाल सरकारले निजामती सेवाको विशिष्ट श्रेणीको कुनै अधिकृतलाई तोक्न सक्नेछ र सो केन्द्रमा आवश्यकतानुसार नेपाल सरकारको सेवाको कर्मचारीहरू रहनेछन् ।

यस केन्द्रको काम, कर्तव्य र अधिकारको सम्बन्धमा यसै ऐनको दफा ३८ मा निम्न व्यवस्था भएको देखिन्छ :-

- नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरू नियमित रूपमा भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,
- नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थाबाट नियमित रूपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने,
- सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानुन बमोजिम दिएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,
- भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्न आवश्यक व्यवस्था मिलाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।
- नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय वा सार्वजनिक संस्थामा उजुरीपेटिका राख्ने व्यवस्था मिलाउने,
- भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकतानुसार सम्बन्धित निकायलाई सुझाव वा निर्देशन दिने,
- भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधि गराई राख्ने,
- भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य काम गर्ने वा गराउने,
- नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को व्यवस्था गरेको छ । यसै नियमावली अनुसार केन्द्रको कार्य सञ्चालन नियमित र व्यवस्थित हुँदै आएको छ । यस नियमावलीमा रहेका व्यवस्थाहरूलाई केलाउँदा केन्द्रले मूलतः सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूमा हुने तथा हुन सक्ने अनियमितता सम्बन्धमा सूचना सङ्कलन गर्ने, उजुरी तथा निवेदनहरू लिने, प्रारम्भिक छानविन गर्ने, सार्वजनिक निकायहरूको अनुगमन गर्ने, सम्बन्धित निकायहरूलाई सतर्क गराउने तथा अनियमितता गरेको देखिए कारवाहीको लागि लेखी पठाउने, सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने, निगरानी तथा छड्के जाँच गर्ने, अन्वेषण गर्ने, प्राविधिक परीक्षण गर्ने, जनचेतना अभिबृद्धि सम्बन्धी काम गर्ने, भ्रष्टाचार नियन्त्रणको कार्यमा अन्य सम्बन्धित निकायसँग सहकार्य गर्ने, केन्द्रले गरेका काम कारवाहीको वार्षिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री समक्ष पेश गर्ने, केन्द्रले सम्पादन गरेका काम कारवाहीहरू कानुन बमोजिम सार्वजनिक गर्न बाधा नपर्ने विषयहरू विभिन्न सञ्चार माध्यममार्फत् सार्वजनिक गर्ने जस्ता कामहरू गर्नुपर्ने हुन्छ ।

## सुशासन सम्बन्धी ऐन र नियमावली

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्ने हुन्छ । उक्त ऐन तथा नियमावलीमा नागरिक बडापत्रमा उल्लेख हुनु पर्ने कुराहरू उल्लेख गरिएको छ । उल्लेख हुनुपर्ने ती कुराहरूमा सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने

कार्यविधि, सेवा प्रदान गर्न लाग्ने समयावधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्राप्त गर्न दस्तुर/रकम लाग्ने भए सो को विवरण, सेवा प्राप्त गर्न सेवाग्राहीले पेश गर्नु पर्ने कागजात, गुनासो सुन्ने पदाधिकारीको पद र नाम, सेवा दिने निकायको तालुक कार्यालय र टेलिफोन नम्वर, सेवा प्रवाहको प्राथमिकता, क्षतिपूर्ति प्राप्त हुने र नहुने सेवाहरू तथा तोकिएका अन्य कुराहरू रहेको पाइन्छ । सुशासन सम्बन्धी उपरोक्त ऐन तथा नियमावली बमोजिम नागरिक बडापत्र राखे नराखेको र सेवा प्रवाह भए नभएको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रले अनुगमनको कार्य गर्दै आएको छ ।

<u>भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५</u>

सुशासनको माध्यमबाट भ्रष्टाचारमुक्त शासन प्रणाली स्थापना गरी सु-संस्कृत तथा समृद्ध नयाँ नेपालको निर्माण गर्ने परिकल्पना सहित ल्याइएको "भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना" २०६५ को मुख्य उद्देश्य सरकारी कार्यप्रणालीमा सरलीकरण र आचरणगत सुधार गरी भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रणद्वारा नैतिकवान र सु-संस्कृत नेपाली समाजको निर्माण गर्नु रहेको छ । भ्रष्टाचारको रोकथाम तथा नियन्त्रण सम्बन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई कार्यान्वयन गर्न तथा भ्रष्टाचार विरुद्धका प्रयासलाई अझ सशक्त बनाउन यस कार्ययोजनाले जिम्मेवार निकायको रूपमा राष्ट्रिय सतर्कता केन्द्र समेतलाई तोकेको छ ।

## ३. संगठनात्मक विकास

### (क) संरचना र जनशक्ति

समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणको उद्देश्यले बनेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गर्न सक्ने व्यवस्था भए बमोजिम सरकारको निर्णय अनुसार २०५९ श्रावण २७ मा राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको हो । यस केन्द्रको प्रमुखको रूपमा नेपाल सरकारको निजामती सेवाको विशिष्ट श्रेणीको अधिकृत रहने व्यवस्था छ । हालसम्म यस केन्द्रमा कार्यरत प्रमुख अधिकृतहरूको नामावली अनुसूची "क" मा समावेश गरिएको छ ।

यस केन्द्रको बिद्यमान साङ्गठनिक ढाँचालाई हेर्दा केन्द्रमा दुईवटा महाशाखाहरू प्रशासन तथा अनुगमन महाशाखा र प्राविधिक परीक्षण महाशाखा रहेका छन् । प्रशासन महाशाखा अर्न्तगत कानुन तथा नीति निर्माण शाखा, अभिलेख तथा अनुगमन शाखा, प्रशासन तथा योजना शाखा र प्राविधिक परीक्षण महाशाखा अर्न्तगत प्राविधिक परीक्षण शाखा नं. १ र २, सूचना सङ्कलन तथा अन्वेषण शाखा नं. १ र २ रहेका छन् ।

यस केन्द्रको संगठन संरचना अनुसूची "ख" मा र दरबन्दी तथा पदपूर्ति विवरण अनुसूची "ग" मा समावेश गरिएका छन् । साथै आ.व. २०६६/०६७ को अन्त्यसम्ममा केन्द्रमा कार्यरत कर्मचारीहरूको नामावली अनुसूची "ट" मा समावेश गरिएको छ ।

### (ख) केन्द्रको सुदृढीकरणका लागि गरिएका प्रयासहरू

भ्रष्टाचार निवारण ऐन, २०५९ तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले तोकेका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न केन्द्रको सुदृढीकरणको लागि निम्न प्रयास तथा कार्यहरू गरिएको पाइन्छ :-

(१) प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने जस्तो संवेदनशील कार्य गर्न स्थापित यस केन्द्रको लागि सिंहदरवार परिसरभित्रै आफ्नो भवन हुनु पर्ने महसुस गरी सो परिसरभित्र आवश्यक जग्गाको व्यवस्था गरिदिन सम्माननीय प्रधानमन्त्रीज्यू स्तरको निर्णयबाट सिंहदरवार पुनः निर्माण समितिलाई र भवन निर्माणको लागि बजेट व्यवस्था गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरिएको छ ।

(२) यस केन्द्रको मुख्य कामहरू मध्ये सरकारी तथा सार्वजनिक संघ संस्थाबाट निर्माण वा सञ्चालन गरिने आयोजनाहरूको आवश्यकता अनुसार प्राविधिक परीक्षण गर्नु पनि हो । प्राविधिक परीक्षण गर्ने परीक्षकहरूको आचारसंहिता स्वीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।

(३) केन्द्रको कार्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन विद्यमान संगठनात्मक ढाँचामा समयानुकूल परिमार्जन तथा संशोधन गर्ने प्रयोजनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization & Management Survey) को कार्य अगाडि बढाइएको छ ।

## ४. आर्थिक विवरण तथा बेरुजुको स्थिति

### (क) बजेटको व्यवस्था

यस केन्द्रलाई आ.व. २०६६/०६७ मा बजेट उप शीर्षक नम्वर २७३।११० (चालु) अर्थ बजेट समेत २७४।११० (पूँजीगत), ४८।४।४०७ (पूँजीगत) सडक तथा ६९।४।८३७ (पूँजीगत) स्थानीय पूर्वाधार अन्तर्गत नेपाल सरकारको श्रोततर्फ रु.४,५२,२१,२०५।- र विश्व बैंक श्रोततर्फ रु.१२,२५,०००।- समेत जम्मा रु.४,६४,४६,२०५।- बजेट विनियोजन भएकोमा नेपाल सरकार स्रोत तर्फ रु.४,०१,८१,३३०।२७ र विश्व बैंक स्रोततर्फ रु.११,६४,७१५।१८ समेत जम्मा रु.४,१३,४६,०४५।४५ खर्च भएको छ ।

उपरोक्त आ.व.को केन्द्रको वार्षिक आर्थिक विवरण अनुसूची "घ" मा र आ.व. अनुसार बजेट निकासा तथा खर्चको विवरण अनुसूची "ङ" मा समावेश गरिएको छ ।

### (ख) वेरुजुको अवस्था

केन्द्र स्थापना भएको आ.व. २०५९/०६० देखि २०६३/०६४ सम्म केन्द्रको नाममा बेरुजु शून्य रहेको छ । आ.व. २०६४/०६५ मा रु.२,०६,५१७।- बेरुजु देखिएकोमा रु.१,८५,३१७।- फछ्र्यौट भई सम्परीक्षणको लागि पठाएकोमा म.ले.प.को कार्यालयबाट रु.१,१३,३३७।७२ सम्परीक्षण भई आएको र उक्त आ.व. को रु.९३,१७९।२८ बेरुजु बाँकी रहेको । आ.व. २०६५/०६६ को बेरुजु रु.१,५९,०००।- रहेकोमा रु.१९,०००।- सम्परीक्षण भई रु.१,४०,०००।- बेरुजु बाँकी रहेको ।

केन्द्रको वेरुजु स्थितिको आर्थिक वर्षगत विवरण अनुसूची (च) मा समावेश गरिएको छ ।

## ५. केन्द्रले सम्पादन गरेका कार्यहरू

### (क) सूचना सङ्कलन

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्न सरकारी कार्यालय वा सार्वजनिक संस्थाहरूबाट सम्पादन हुनुपर्ने कार्यहरू नियमित रूपमा भए नभएको सम्बन्धमा सूचना सङ्कलन गर्नुपर्ने हुन्छ । सो प्रयोजनको लागि यस केन्द्रले देहाय बमोजिमका कार्यहरू गरेको पाइन्छ ।

(१) केन्द्रमा हटलाइन टेलिफोन (४२२४९०१) व्यवस्था गरी अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरूको सूचना सङ्कलन गरेको ।

(२) केन्द्रमा फ्याक्स, उजुरीपेटिका तथा हुलाक मार्फत् उजुरीहरू प्राप्त हुने गरेको । यस केन्द्रको परिसर तथा सिंहदरवारको पूर्व र दक्षिण ढोकाहरूमा उजुरीपेटिकाहरू राखिएका छन् ।

(३) विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भ्रष्टाचार सम्बन्धी समाचार, लेख र रचनाहरूमार्फत् सूचना लिन प्रेस काउन्सीलबाट भ्रष्टाचार तथा अनियमितता सम्बन्धी सामाग्रीहरूको प्रेस क्लिपिङ सेवा दैनिक रूपमा लिने गरिएको । क्लिपिङबाट प्राप्त हुने सूचनाहरू सम्बन्धित शाखामा पठाई आवश्यकतानुसार छानविन कार्य अघि बढाइने गरिएको ।

(४) सूचना सङ्कलन प्रयोजनको लागि यस केन्द्रले जनतासँग प्रत्यक्ष सरोकार राख्ने सरकारी कार्यालय एवम् सार्वजनिक संस्थाहरूमा निरीक्षण तथा निगरानी गर्न समय समयमा टोलीहरू खटाउने गरिएको छ । यसै सन्दर्भमा मालपोत कार्यालय डिल्लीबजार/ चावहिल/ललितपुर/ भक्तपुर, नापी कार्यालय ललितपुर/भक्तपुर/चावहिल/डिल्लीबजार, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय काठमाण्डौ, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ/ललितपुर, वैदेशिक रोजगार विभाग, बागमती अञ्चल यातायात व्यवस्था कार्यालय मोटरसाइकल/सवारी चालक अनुमतिपत्र/साना तथा ठूला सवारी, जिल्ला विकास समितिको कार्यालय भक्तपुर, उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सानोठिमी, दुग्ध विकास संस्थान काठमाण्डौ, विराटनगर दुग्ध वितरण आयोजना आदिबाट सम्पादन हुने काम कारवाहीमा हुने अनियमितताका सम्बन्धमा निगरानी राखी प्रतिवेदन पेश गर्ने गरी आ.व. २०६६/०६७ मा विभिन्न टोलीहरू पठाइएको ।

**(ख) उजुरी व्यवस्थापन**

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नुपर्ने दायित्व रहेको यस केन्द्रमा नेपाल सरकारका विभिन्न निकाय, सार्वजनिक संस्थाहरू एवम् सार्वजनिक पदाधिकारीहरूबाट हुन लागेका र भएका अनियमित र भ्रष्टाचारजन्य क्रियाकलापहरू विरुद्धका उजुरी तथा गुनासोहरू आउने गर्दछ । केन्द्रमा त्यसरी प्राप्त हुने उजुरी र गुनासोहरूका अतिरिक्त केन्द्रले नियमित रूपमा निगरानी र अनुगमन समेत गर्दै आएको छ । अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरूको सूचना दिन केन्द्रमा हटलाइन टेलिफान नं. ४२२४९०१, उजुरीपेटिका लगायतको व्यवस्था गरिएको छ ।

भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितताहरू, ढिलासुस्तीका विषयमा आम सञ्चार माध्यमबाट प्रकाशित गरिने लेख रचना, समाचारलाई समेत सूचनाकै रूपमा ग्रहण गरिँदै आएको छ । साथै, सञ्चार माध्यमबाट प्रकाशित भ्रष्टाचार र अनियमितता सम्बन्धी विषयमा प्रकाशित समाचारहरूलाई प्रेस काउन्सीलबाट क्लिपिङ सेवा लिई सत्य-तथ्य समाचार उपर थप छानवीन समेत गरिँदै आएको र कतिपय विषयहरूमा सम्बन्धित निकाय र पदाधिकारीहरूको ध्यानाकर्षण गराउने कार्य गरिँदै आएको छ ।

सरकारी तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा सुविधाहरूमा भए गरेका अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरू उपर उजुरी दिन सार्वजनिक सूचना प्रकाशित गरिएपछि केन्द्रमा उजुरीहरूको संख्यामा बृद्धि भएको छ । यसरी विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरी सम्बन्धमा केन्द्रले देहाय बमोजिम कारवाही अगाडि बढाउने गर्दछ :-

(क) उजुरी सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरी बुझ्ने, प्रारम्भिक छानविन गर्न आवश्यकतानुसार निगरानी, अनुगमन, छड्के जाँच गर्न टोली खटाउने, सक्कल फायल कागजातहरू झिकाई अन्वेषण, अनुसन्धान गर्ने र वास्तविकता पत्ता लगाउने ।

(ख) उजुरी सम्बन्धमा भएको छानवीनबाट अनियमितता हुन लागेको पाइएमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा पदाधिकारीलाई सतर्क गराउने, ध्यानाकर्षण गर्ने तथा निर्देशन दिने गरिएको छ।

(ग) छानवीनबाट अनियमितता तथा भ्रष्टाचारजन्य क्रियाकलाप भएको पाइएमा थप छानविन तथा आवश्यक कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिससाथ लेखी पठाउने गरिएको छ ।

उजुरी सम्बन्धी विवरण अनुसूची “छ” र “ज” मा समावेश गरिएको छ ।

**(ग) अनुगमन तथा निरीक्षण**

यस केन्द्रले सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूको आर्थिक, प्रशासनिक तथा प्राविधिक कामको सम्पादन, जनतालाई पुऱ्याउनुपर्ने सेवा कानुन बमोजिम भए नभएको, भ्रष्टाचारका विरुद्धमा समय समयमा सरकारले जारी गरेका रणनीति/कार्यनीति/कार्यक्रमको कार्यान्वयन भए नभएको, सम्पादन हुने काममा अनियमितता/ढिलासुस्ती भए नभएको तथा प्रदत्त सेवा सुविधा सम्बन्धी विषयहरूमा सङ्कलित सूचना

तथा उजुरीका आधारमा अनुगमन तथा निरीक्षण गर्ने कार्य समेत गर्दछ । आ.व. २०६६/०६७ मा देहायका निकायहरूमा अनुगमन तथा निरीक्षणको कार्य गरियो :-

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय
२. जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ
३. जिल्ला शिक्षा कार्यालय, ललितपुर
४. दुग्ध विकास संस्थान, लैनचौर
५. बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास समिति
६. जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर
७. दुग्ध विकास संस्थान अन्तर्गत विराटनगर दुग्ध वितरण आयोजना, विराटनगर
८. परराष्ट्र मन्त्रालय, नारायणहिटी
९. जिल्ला प्रशासन कार्यालय, कैलाली
१०. चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय, महाराजगञ्ज
११. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु
१२. प्राविधिक प्रशिक्षण प्रतिष्ठान, सानोठिमी
१३. जिल्ला वन कार्यालय, बाँके
१४. जिल्ला वन कार्यालय, बर्दिया
१५.. जिल्ला वन कार्यालय, नवलपरासी
१६. जिल्ला वन कार्यालय, कपिलवस्तु
१७. जिल्ला वन कार्यालय, बारा
१८. जिल्ला वन कार्यालय, रौतहट
१९. जिल्ला वन कार्यालय, सर्लाही
२० जिल्ला वन कार्यालय, सुनसरी
२१. राष्ट्रिय क्षयरोग केन्द्र, ठिमी
२२. जिल्ला शिक्षा कार्यालय, दाङ्ग
२३. जोरपाटी गा.वि.स. कार्यालय, काठमाण्डौ
२४. नेपाल विद्युत प्राधिकरण सामुदायिक ग्रामीण विद्युतीकरण विभाग, वनस्थली
२५. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन उद्योग महाशाखा
२६. नेपाल कृषि अनुसन्धान परिषद्, खुमलटार
२७. वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड, काठमाण्डौ
२८. डिभिजन सडक कार्यालय, दोलखा
२९. जिल्ला विकास समितिको कार्यालय, चितवन
३०. जिल्ला विकास समितिको कार्यालय, बारा

साथै, प्राविधिक परीक्षण सम्बन्धी अनुगमन, निरीक्षण तथा योजना सङ्कलन गर्न बारा, जुम्ला, कैलाली, बाँके, बैतडी, इलाम, झापा, कास्की, बाग्लुङ्ग, गोरखा, मकवानपुर, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, रुपन्देही जिल्लाहरूमा प्राविधिक कर्मचारीहरू खटाइएको ।

**(घ) निगरानी तथा छड्के जाँच**

भ्रष्टाचार निवारण ऐन,२०५९ तथा राष्ट्रिय सतर्कता (कार्य सञ्चालन) नियमावली, २०६५ अनुसार यस केन्द्रको प्रमुख कामहरू मध्ये भ्रष्टाचार हुन सक्ने सरकारी कार्यालय वा सार्वजनिक संस्थाको अनियमितता सम्बन्धमा निगरानी राख्नु तथा छड्के जाँच गर्नु पनि हो । यस प्रयोजनको लागि आ.व. २०६६/०६७ मा केन्द्रद्वारा देहायका निकायहरूमा निगरानी तथा छड्के जाँच गर्न कर्मचारी खटाइएको थियो।

निगरानी गरिएका निकायहरू :

१. मालपोत कार्यालय, चावहिल
२. मालपोत कार्यालय, डिल्लीबजार

३. मालपोत कार्यालय, भक्तपुर
४. मालपोत कार्यालय, ललितपुर
५. नापी शाखा, चावहिल
६. नापी शाखा, डिल्लीबजार
७. नापी शाखा, भक्तपुर
८. नापी शाखा, ललितपुर
९. जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ
१०. जिल्ला प्रशासन कार्यालय, ललितपुर
११. जिल्ला प्रशासन कार्यालय, भक्तपुर
१२. जिल्ला विकास समितिको कार्यालय, भक्तपुर
१३. बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र
१४. बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, मोटर साइकल
१५. बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, साना तथा ठूला सवारी
१६. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी
१७. परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी
१८. प्राविधिक शिक्षा तथा व्यवस्था तालिम परिषद् (CTEVT), सानोठिमी
१९. उद्योग विभाग
२०. कम्पनी रजिष्टारको कार्यालय
२१. घरेलु तथा साना उद्योग कार्यालय, काठमाण्डौ
२२. वैदेशिक रोजगार विभाग, काठमाण्डौ
२३. अध्यागमन विभाग, काठमाण्डौ
२४. विद्युत विकास विभाग
२५. गुठी संस्थान, केन्द्रीय कार्यालय डिल्लीबजार
२६. गुठी संस्थान, जिल्ला कार्यालय त्रिपुरेश्वर

<u>छड्के जाँच गरिएका निकायहरू :</u>

१. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी
२ जनक शिक्षा सामग्री केन्द्र, सानोठिमी
३. मालपोत कार्यालय, डिल्लीबजार
४. मालपोत कार्यालय, ललितपुर
५. मालपोत कार्यालय, भक्तपुर
६. नापी शाखा, डिल्लीबजार, काठमाण्डौ
७. नापी शाखा, ललितपुर
८. नापी शाखा भक्तपुर
९. जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ
१०. बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, साना तथा ठूला सवारी कार्यालय, ललितपुर
११. उद्योग विभाग, त्रिपुरेश्वर
१२. जिल्ला खेलकुद विकास समिति, काठमाण्डौ
१३. जिल्ला खेलकुद विकास समिति, ललितपुर
१४. जिल्ला खेलकुद विकास समिति, भक्तपुर
१५. केन्द्रीय सांस्कृतिक संरक्षण प्रयोगशाला, ललितपुर

(ङ) **सम्पत्ति विवरण तथा आयको अनुगमन**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्यसञ्चालन) नियमावली २०६५ बमोजिम सार्वजनिक पदाधिकारीहरूले पेश गर्नु पर्ने सम्पत्ति विवरणको सम्बन्धमा यस केन्द्रले निम्नानुसारका कार्यहरू सम्पन्न गरेको छ।

(१) सार्वजनिक पदमा वाहल रहेका व्यक्तिले आफ्नो र आफ्नो परिवारको नाममा भएको सम्पत्तिको विवरण बुझाउने बारे सार्वजनिक सूचना मार्फत व्यापक रूपमा प्रचार प्रसार गरिएको ।

(२) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१.क को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिहरूले प्रत्येक आ.व. मा पेश गर्नु पर्ने साविकमा प्रचलनमा रहेको सम्पत्ति विवरणको ढाँचा र सम्पत्ति विवरण पेश गर्ने प्रयोजनको लागि तोकिएको निकाय सम्बन्धमा खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ गतेको नेपाल राजपत्रको भाग ५ मा प्रकाशित सूचनाबाट संशोधन भएको छ । उक्त संशोधनका लागि अध्ययन, छलफल लगायत प्रस्तावकको रूपमा सम्पूर्ण कार्यहरू यस केन्द्रले गरेको छ । साविकमा प्रचलनमा रहेको सम्पत्ति विवरणको ढाँचामा भएको संशोधन अनुसूची "झ" मा उल्लेख गरिएको छ । साथै, सम्पत्ति विवरण बुझाउन तोकिएका संशोधित निकायहरूको विवरण अनुसूची "ञ" मा उल्लेख छ ।

(३) राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली अनुसार सम्पत्ति विवरण तोकिए बमोजिमको समयमा पेश गर्ने र नगर्ने सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूको नाम, पद र ठेगाना सहितको विवरण पठाउन सबै मन्त्रालय र केन्द्रिय निकायहरूमा पत्राचार गरिएको ।

(४) तोकिएको समयमा सम्पति विवरण बुझाउने/नबुझाउनेहरूको विवरण सङ्कलन गर्न तथा विवरण राख्नु पर्ने निकायहरूले नियमानुसार विवरण राखे नराखेको अनुगमन गर्न यस केन्द्रबाट विभिन्न १४ वटा टोलीहरू बनाई स्थलगत रूपमा खटाइएको थियो । ती टोलीहरूबाट प्राप्त प्रतिवेदन अनुसार देहाय बमोजिमका तथ्यहरू देखिन आयो :-

क. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्ने मन्त्रिपरिषद्का १० जना सदस्यहरू, राष्ट्रिय योजना आयोगका अध्यक्ष लगायत ७ जना सदस्यहरू तथा मन्त्रिपरिषद् सदस्यका स्वकीय सचिव र सल्लाहकारहरूले म्यादभित्र नबुझाएको ।

ख. व्यवस्थापिका संसद सचिवालयमा सम्पत्ति विवरण बुझाउनु पर्ने संविधान सभाका १५८ जना सभासदहरू, सभासदका सबै स्वकीय सचिवहरू र व्यवस्थापिका संसद सचिवालयका १७ जना कर्मचारीहरूले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

ग. निजामती किताबखानामा सम्पत्ति विवरण बुझाउनु पर्ने निजामती कर्मचारीमध्ये अधिकृतस्तरका राजपत्रांकित प्रथम श्रेणीका १६ जना, द्धितीय श्रेणीका १८३ जना र तृतीय श्रेणीका १००३ जना गरी जम्मा १२०२ जनाले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

घ. प्रहरी किताबखानामा सम्पत्ति विवरण बुझाउनु पर्ने मध्ये नेपाल प्रहरीतर्फका २८४ जना अधिकृत कर्मचारी, सशस्त्र प्रहरी बलतर्फ १०८ जना र राष्ट्रिय अनुसन्धान विभागतर्फ १७७ जना र राष्ट्रिय सतर्कता केन्द्रका ८ जना प्रहरी कर्मचारीहरू गरी जम्मा ५७७ जनाले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

ङ. स्थानीय विकास मन्त्रालय मातहतका आयोग, समिति र प्रतिष्ठानमा कार्यरत १८२ जना पदाधिकारीहरूले तथा काठमाण्डौ महानगरपालिकाका ३६ जना अधिकृतहरूले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

च. अर्थ मन्त्रालय मातहतका कृषि विकास बैंक लि. का सञ्चालक २ र अधिकृत कर्मचारी ८६५, कर्मचारी सञ्चय कोषका अधिकृत कर्मचारीहरू ६०, बिमा समितिका सञ्चालक १, राष्ट्रिय बिमा संस्थानका सञ्चालक २, निक्षेप तथा कर्जा संरक्षण निगमका अधिकृत

कर्मचारी १, नागरिक लगानी कोषका सञ्चालक ५ जना र अधिकृत कर्मचारीहरू ४०, नेपाल धितोपत्र वोर्डका सञ्चालकहरू ३, नेपाल धितोपत्र विनियम बजार लि. का सञ्चालक २ र अधिकृत कर्मचारी १, आकस्मिक बिमा कोषका सञ्चालकहरू २, साना किसान विकास वैंकका सञ्चालकहरू २ जना गरी जम्मा ९८६ जनाले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको । नेपाल राष्ट्र बैंकका पदाधिकारी तथा कर्मचारीहरूमध्ये ६७ जनाले सम्पत्ति विवरण नबुझाएको ।

छ. बाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतका साल्ट ट्रेडिङ्ग कार्पोरेशनका पदाधिकारी तथा कर्मचारीहरूमध्ये ५२ जनाले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

ज. उद्योग मन्त्रालय मातहतको उदयपुर सिमेण्ट कारखानाका २२८ जना पदाधिकारी तथा कर्मचारीले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

झ. सूचना तथा सञ्चार मन्त्रालय मातहतका नेपाल दूर सञ्चार कम्पनी लि. का पदाधिकारी तथा कर्मचारीहरूमध्ये १२८१, नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारी ३, राष्ट्रिय समाचार समितिका पदाधिकारी ३, नेपाल टेलिभिजनका २५ जना अधिकृत कर्मचारीहरू लगायत सबै दर्जाका गरी कूल ९५, रेडियो नेपालका पदाधिकारी तथा कर्मचारी २२ र गोरखापत्र संस्थानका ५२ जना अधिकृतहरू समेत गरी २५९ जनाले म्यादभित्र सम्पत्ति विवरण नबुझाएको ।

ञ. शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतका ६ जना कर्मचारीहरूले सम्पत्ति विवरण नबुझाएको ।

ट. शिक्षा मन्त्रालय अन्तर्गत त्रिभुवन विश्वविद्यालय र काठमाण्डौ विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरूले सम्पत्ति विवरण नबुझाएको । पूर्वाञ्चल विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीहरू ७९, नेपाल संस्कृत विश्वविद्यालयका कुल सचिव लगायत १० जना बाहेक अन्य सबैजना पदाधिकारी तथा कर्मचारीहरू, पोखरा विश्वविद्यालयका उपकुलपति लगायत १० जना बाहेक अन्य पदाधिकारी तथा कर्मचारी, उच्च माध्यमिक शिक्षा परिषद् र मातहतका पदाधिकारी तथा कर्मचारीहरू ५७, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) मातहत निकायका पदाधिकारी तथा कर्मचारीहरू ४१०, जनक शिक्षा सामग्री केन्द्रका कर्मचारीहरू ४४४ जनाले सम्पत्ति विवरण म्यादभित्र नबुझाएको ।

ठ. विद्यालय शिक्षक किताबखानामा मा.बि., नि.मा.बि. तथा प्रा.वि. का शिक्षकहरूले सम्पत्ति विवरण बुझाउनु पर्नेमा विभिन्न प्रयासको बावजुद अघिल्लो वर्षझैं यस वर्ष पनि सम्पत्ति विवरण बुझाएको पाइएन ।

(५) माथि बुँदा नं. (४) मा उल्लेखित विवरण सर्वसाधारणलाई सुसूचित गर्ने प्रयोजनको लागि पत्रकार सम्मेलन गरी जानकारी गराइयो । साथै, अनुगमन तथा पत्राचारबाट प्राप्त तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका कर्मचारीहरूको विवरण तथा त्यसलाई पुष्ट्याइँ गर्ने विभिन्न निकायहरूबाट प्राप्त कागजातको फोटोकपी कानुनबमोजिम आवश्यक कारवाहीको लागि मिति २०६६।९।४ को पत्रद्धारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको ।

**(च) जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रम**

राष्ट्रिय सतर्कता केन्द्रको स्थापनाको प्रमुख उद्देश्य मध्ये समाजमा भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्नु पनि एक हो । जबसम्म भ्रष्टाचार विरुद्धको जनचेतना प्रवल हुन सक्दैन, तबसम्म भ्रष्टाचार नियन्त्रण तथा न्यूनीकरण गर्ने कार्य सहज हुन सक्दैन । केन्द्रले जनचेतना अभिबृद्धि गर्ने सन्दर्भमा आ.व. २०६६/०६७ मा देहाय बमोजिमका कार्यहरू गरेको छ ।

(१) विभिन्न मन्त्रालय तथा केन्द्रीय स्तरका निकायहरूमा भ्रष्टाचार नियन्त्रण कार्यमा सम्पर्क व्यक्ति (Focal Point) को रूपमा कार्यरत पदाधिकारीहरूले निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धमा

काठमाण्डौमा एक गोष्ठी सम्पन्न गरियो । विभिन्न निकायका Focal Point तथा प्रतिनिधिहरूको सहभागिता रहेको उक्त गोष्ठीमा निम्न सुझावहरू प्राप्त भएको थियो :-

- Focal Point को Terms of Reference (TOR) बनाई जिम्मेवारी सुम्पनु पर्ने ।
- सम्पत्ति विवरण व्यवस्थापन गर्ने निकायहरूलाई साधन-स्रोत सम्पन्न गरिनु पर्ने ।
- राजनैतिक नियुक्तिका पदाधिकारीहरूको नियुक्तिपत्र साथै सम्पत्ति विवरण पेश गर्ने व्यवस्था गरिनु पर्ने ।
- प्रत्येक निकायमा सुशासन इकाई गठन गरी सोही मार्फत् उजुरी फछ्र्यौट गर्ने व्यवस्था गरिनु पर्ने ।
- नागरिक बडापत्र कार्यान्वयन, उजुरीपेटिका राख्ने, सार्वजनिक सुनुवाई, दलाल प्रवेश निषेधलाई सम्पूर्ण सार्वजनिक निकायमा अनिवार्य रूपमा पालना गर्ने ।
- सार्वजनिक पदाधिकारीहरूले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा व्यापक प्रचार-प्रसार गर्ने ।
- कर्मचारी सरुवा रमानापत्रमै सम्पत्ति विवरण बुझाए नबुझाएको उल्लेख गरिनु पर्ने ।
- नागरिक बडापत्रको ढाँचामा एक रुपता हुनुपर्ने ।
- बोर्ड, संस्थान, समिति, अस्थायी कर्मचारीको समेत संकेत नम्वर दिएर सम्पत्ति विवरण राख्नु पर्ने।

(२) भ्रष्टाचार नियन्त्रण तथा भ्रष्टाचारको विरुद्धमा जनचेतना अभिबृद्धि गर्ने सन्दर्भमा यस केन्द्रले आ.व. २०६६/०६७ मा जिल्ला तहमा राजनैतिक दल, कार्यालय प्रमुखहरू, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संस्थाका प्रतिनिधिहरू, आम सञ्चारकर्मीहरू र अन्य सहभागीहरूबीच सहकार्य बढाउन पाँचथर, इलाम, उदयपुर, धनुषा, महोत्तरी, रामेछाप, धादिङ्ग, स्याङ्गजा, म्याग्दी, बाग्लुङ्ग, कैलाली र कञ्चनपुर गरी १२ जिल्लामा "भ्रष्टाचार नियन्त्रण : हाम्रो साझा दायित्व" विषयक अन्तरक्रिया गोष्ठी सम्पन्न गर्‍यो । भ्रष्टाचार नियन्त्रण र रोकथाम सम्बन्धमा यस केन्द्रको काम, कर्तव्य र अधिकार जानकारी गराउने, नागरिक बडापत्र कार्यान्वयन सम्बन्धमा गरिएको अनुगमन प्रतिवेदन प्रस्तुत गर्ने, सम्पत्ति विवरण सम्बन्धमा आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले गरिएका उक्त गोष्ठीहरूमा प्राप्त सुझावहरू मुख्यतया निम्नानुसार रहेका छन् :-

- निरक्षर सेवाग्राहीहरूले समेत बुझ्न सक्ने गरी विद्युतीय सञ्चार माध्यमबाट व्यापक रूपमा प्रचार प्रसार गरिनु पर्ने ।
- भ्रष्टाचारका अवस्थाहरूमा "समयको भ्रष्टाचार" (Time Corruption) लाई समेत समावेश गरिनु पर्ने ।
- भ्रष्टाचार र अनियमिततालाई राजनैतिक संरक्षण हुन नहुने ।
- मुलुकको समग्र आर्थिक विकास र शैक्षिक स्तरमा उन्नति हुनु पर्ने ।
- राजनैतिक प्रतिवद्धता, इमान्दारिता र स्थिरता हुनु पर्ने ।
- सार्वजनिक निकायहरूबाट बृद्ध, महिला, असक्त, विरामीले सेवामा प्राथमिकता पाउनु पर्ने ।
- भ्रष्टाचार विरुद्धका कानुनहरूको कार्यान्वयनको जरुरी रहेको । दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्ने ।
- भ्रष्टाचारमा संलग्नहरूलाई सामाजिक बहिष्कारको व्यवस्था गरिनु पर्ने ।
- भ्रष्टाचार नियन्त्रणका लागि टाउकोबाटै पानी खन्याउने व्यवस्था हुनु पर्ने । केन्द्रबाट शुरु गरिनु पर्ने ।
- नागरिक वडापत्र बमोजिम क्षतिपूर्तिको कार्यान्वयन हुनु पर्ने ।
- राजनैतिक दल, गैर सरकारी संस्थाहरूको आय र व्यय पारदर्शी हुने व्यवस्था गरिनु पर्ने ।

(३) जनचेतना अभिबृद्धि गर्ने शिलशिलामा केन्द्रले आ.व. २०६६/०६७ मा भ्रष्टाचार विरुद्धका विद्युतीय सामाग्रीहरू समेत प्रचार प्रसार गरेको थियो । केन्द्रबाट निर्माण तथा उत्पादन गरिएका भ्रष्टाचार विरोधी १८ वटा टेलिश्रृङ्खला एक/एक पटक, ४ वटा जिङ्गल तथा १२ वटा छोटा सन्देश ६० पटक नेपाल टेलिभिजनबाट प्रशारण गरिएको थियो । त्यसैगरी जिङ्गल ४ वटा र १२ वटा छोटा सन्देशका

श्रव्य सामाग्रीहरू रेडियो नेपालबाट १२५० पटक र रेन्वो एफ.एम. अन्तर्गतको ६१ वटा स्टेशनहरूबाट २७० पटक देशभरीका सेवाग्राहीहरूले सुन्न सक्ने गरी नियमित प्रशारण गरिएको थियो । यसबाट ग्रामीण स्तरसम्मका सेवाग्राहीहरूलाई भ्रष्टाचार बिरुद्ध जनचेतना अभिबृद्धि गर्नमा सकारात्मक सहयोग पुगेको महसुस गरिएको छ ।

(४) केन्द्रले भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्न विद्यालय उमेरका बालबालिकाहरूलाई समेत सामुदायिक शिक्षा उपलब्ध गराई घर-परिवार, समाज र देशमा रहेको भ्रष्टाचार नियन्त्रण गर्नमा सहयोगी बनाउने उद्देश्यले विभिन्न जिल्लाका ६ वटा विद्यालयका विद्यार्थी तथा शिक्षकहरूलाई सामुदायिक शिक्षा उपलब्ध गराएको थियो ।

(५) जनचेतना अभिबृद्धिकै सन्दर्भमा केन्द्रले ब्रोसर, हातेपुस्तिका एबम् भ्रष्टाचार बिरुद्धका पम्पलेट, स्टीकरहरू छपाई गरी विभिन्न निकाय तथा व्यक्तिहरूलाई वितरण गरेको थियो ।

**(छ) नागरिक बडापत्र कार्यान्वयन अनुगमन**

सरकारी सेवा प्रभावकारी बनाउने निर्देशिका, २०५६ लागू भए पश्चात् सरकारी निकायहरूमा नागरिक बडापत्र बनाउने कार्यको सुरुवात भएकोमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ लागू भएपछि नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयनको लागि स्पष्ट कानूनी व्यवस्था भएको छ । सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले तोकिएका कुराहरू उल्लेख भएको नागरिक बडापत्र तयार गरी राख्नु पर्ने र कार्यालयले सोही बमोजिम बाध्यात्मक रूपमा सर्वसाधारणलाई सेवा प्रदान गर्नुपर्ने हुन्छ । आ.व. २०६६/०६७ मा यस केन्द्रले नागरिक बडापत्र कार्यान्वयन अनुगमनलाई प्राथमिकतामा राखेर अनुगमन तथा सर्भेक्षणको ढाँचा समेत तयार गरी तदनुरुप पाँचथर, इलाम, मोरङ्ग, उदयपुर, दोलखा, रामेछाप, धनुषा, महोत्तरी, धादिङ्ग, कास्की, स्याङ्गजा, बाग्लुङ्ग, म्याग्दी, कैलाली र कञ्चनपुर गरी १५ जिल्लाका जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला विकास समितिको कार्यालय, नगरपालिकाको कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, कृषि कार्यालय जस्ता सरकारी निकायहरूमा नागरिक बडापत्र कार्यान्वयन अनुगमन गरियो ।

उपरोक्त अनुगमनको क्रममा प्राप्त प्रतिवेदनहरूलाई विश्लेषण गर्दा देहाय बमोजिमका तथ्य तथा निष्कर्ष प्राप्त हुन आयो :-

१. नागरिक बडापत्र कार्यान्वयन अनुगमनका सिलसिलामा सेवाग्राहीहरूसँग कार्यालयले सम्पादन गर्ने कामका बारेमा कसरी जानकारी पाउनुभयो ? भनी सोध्दा नागरिक बडापत्र पढेर थाहा पाउने १४.८९%, अरुले भनेर ५७.८९% र अन्य तरिकाले २७.२२% पाइयो ।
२. अनुगमनमा सेवाग्राहीहरूसँग कार्यालयको नागरिक बडापत्र सम्बन्धी जानकारी छ ? भनी सोध्दा ३४.०४% ले छ र ६५.९६% ले जानकारी छैन भनी बताए ।
३. नागरिक बडापत्र अनुसार काम भयो ? भनी सोध्दा ३०.४३% ले भयो, ६.२०%ले भएन र ६२.०४%ले थाहा छैन भनेको पाइयो ।
४. काम गर्दा अतिरिक्त रकम (घुस) दिनु पऱ्यो ? भनी सोध्दा १५.४२% ले पऱ्यो र ८४.५८% ले परेन भनी जवाफ दिएको पाइयो ।
५. नागरिक बडापत्र सम्बन्धी पर्याप्त प्रचारप्रसार नभएको ।
६. नागरिक बडापत्र कार्यान्वयनको अनुगमन गर्ने केन्द्रीय निकायको अभाव रहेको ।
७. नागरिक बडापत्र बमोजिम सेवा लिने र दिने परिपाटी संस्थागत भएको छैन ।
८. नागरिक बडापत्र सम्बन्धी जानकारी धेरै सेवाग्राहीलाई छैन ।
९. गाउँ विकास समितिहरूले नागरिक वडापत्र राखेको पाइएन ।
१०. नागरिक बडापत्रको कार्यान्वयन सम्बन्धी अनुगमन सबै तहबाट हुन सकेको छैन ।
११. पहाडी जिल्लाको तुलनामा तराईका जिल्लामा सेवाग्राहीको सन्तुष्टि स्तर कम रहेको छ ।

नागरिक बडापत्र कार्यान्वयन अनुगमन सम्बन्धी विश्लेषण तालिका अनुसूची "ठ" मा समावेश गरिएको छ ।

**(ज) सतर्क तथा ध्यानाकर्षण**

राष्ट्रिय सतर्कता केन्द्रबाट केन्द्रमा परेका लिखित तथा मौखिक उजुरी, पत्रपत्रिका, स्थलगत निरीक्षण वा अनुगमनबाट प्राप्त सूचनाहरू छानवीन गरी छिटो, छरितो, प्रभावकारी र नियमित किसिमबाट कार्य सम्पादन गर्नको लागि देहाय बमोजिम विभिन्न निकायमा सतर्क तथा ध्यानाकर्षण गराउने कार्य गरियो :-

(१) वैदेशिक रोजगार विभागले भोजपुर निवासी श्रीमती रेणुका तामाङ्ग माथि भएको ठगी, क्षतिपूर्ति दिने सम्बन्धमा कानुनी कारवाही गरी जानकारी दिनु पर्ने भनी परेको उजुरीको सम्बन्धमा सत्य तथ्य छानविन गरी कारवाहीको जानकारी केन्द्रमा दिन लगाउने व्यवस्थाको लागि मिति ०६७।१।१२ मा माननीय मन्त्रीज्यू, श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई ध्यानाकर्षण गराइएको ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल कार्यालयमा जडान गर्न लागेको सि.सि. टिभीमा कमिशनको खेल भएको भन्ने प्रकाशित समाचारका विषयमा केन्द्रबाट मिति ०६६।११।१३ मा माननीय मन्त्रीज्यू, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई ध्यानाकर्षण गराइएको ।

(३) उद्योग मन्त्रालय मातहतका जिल्ला स्थित निकायहरूमा कार्यालय प्रमुखहरू दशैं विदा सकिए पछि पनि कार्यालयमा अनुपस्थित रहेकोले सेवाग्राहीहरू मर्कामा परेको विषयमा गुनासो एवम् सञ्चार माध्यमबाट समाचार सार्वजनिक हुँदै आएकोले सो विषयमा मिति २०६६।६।२८ मा उद्योग मन्त्रालयका सचिवज्यूको ध्यानाकर्षण गराइएको ।

(४) भूमिसुधार तथा व्यवस्था मन्त्रालय मातहतका जिल्ला स्थित निकायहरूमा कार्यालय प्रमुखहरू दशैं विदा सकिएपछि पनि कार्यालयमा अनुपस्थित रहेकोले सेवाग्राहीहरू मर्कामा परेको भन्ने विषयमा गुनासो एवम् सञ्चार माध्यमबाट समाचार सार्वजनिक हुँदै आएकोले मिति ०६६।६।२८ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवज्यूको ध्यानाकर्षण गराइएको ।

(५) नेपालीपत्र साप्ताहिकमा मिति २०६६।४।३० गते फोहरको पैसामा हाकिमको चीन सयर भनी प्रकाशित समाचारका सम्बन्धमा अनुसन्धान गर्दा स्थानीय विकास मन्त्रालयको प्राप्त जवाफ समेतको आधारमा भ्रमणबाट सिकेको ज्ञान/सिपका विषयहरू ब्यबहारमा उतार्न सम्बन्धित निकाय/पदाधिकारीहरूको ध्यानकर्षण गराउन मिति २०६६।१२।६ गतेको निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई पत्राचार गरिएको ।

(६) दशैं बिदापछि पनि लामो समय सम्म कार्यालय प्रमुखहरू कार्यालयमा अनुपस्थित भई सेवाग्राहीहरू मर्कामा पर्न गएको भनि विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारका सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन मिति २०६६।६।२८ मा स्थानीय विकास मन्त्रालय, सिचाइ मन्त्रालय र उर्जा मन्त्रालयका सचिवज्यूहरूलाई ध्यानाकर्षण गराइएको ।

(७) स्थानीय निकायहरूबाट सञ्चालित विकास निर्माण कार्यको सेवा प्रवाह प्रभावकारी रूपमा सञ्चालन भए/नभएको सम्बन्धमा अनुगमन गर्न स्थानीय विकास मन्त्रालयले सहसचिवहरूको संयोजकत्वमा खटाएको अनुगमन टोलीले अध्ययन गरी पेश गरेको प्रतिवेदन कार्यान्वयनको सम्बन्धमा माननीय मन्त्रीज्यू, स्थानीय विकास मन्त्रालयलाई मिति २०६६।१२।१३मा ध्यानाकर्षण गराइएको ।

(८) नेपालीपत्र साप्ताहिकमा मिति २०६६ साल माघ महिनामा सिंचाइ सचिव कमाउ धन्दामा शिर्षकमा प्रकाशित समाचारका सम्बन्धमा मिति २०६६।१०।२६ मा माननीय मन्त्रीज्यू, सिंचाइ मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

(९) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय र सिर्सिया सुख्खा बन्दरगाह, वीरगञ्जमा जडान गरिएका करिव रु.३८ करोड मूल्यका आधुनिक एक्स-रे मेशिन छिमेकी मित्रराष्ट्र चीन सरकारको सहयोगमा २०६४ सालमा प्राप्त भएकोमा उक्त मेशिनहरू सञ्चालनमा नआएको भन्ने केन्द्रमा प्राप्त

सूचनाका सम्बन्धमा केन्द्रले केन्द्रका प्रमुख अधिकृतज्यूको कार्यकक्षमा अर्थ मन्त्रालयका सह-सचिव, भन्सार विभागका प्रतिनिधि र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका प्रमुखको सहभागितामा मिति २०६६।१०।१८ गते बैठक बसाल्यो । बैठकमा आ.व. २०६७/०६८ देखि उक्त मेशिनहरू नियमित रूपमा सञ्चालनमा ल्याउन भन्सार विभागले कार्य योजना तयार गरी केन्द्रलाई जानकारी गराउने निर्णय भएको थियो । तर भन्सार कार्यालयको मिति २०६७।३।११ को पत्रबाट लोडसेडिङ, दक्ष जनशक्तिको अभाव साथै मालधनीले एकै समयमा जाँचपास नगराउने समस्याले गर्दा ती मेशिनहरू सञ्चालन गर्न नसकिने व्यहोरा उल्लेख गरी पत्र पठाएकोले सो सम्बन्धमा प्रमुख अधिकृतज्यूबाट उल्लेखित मेशिनहरू विधिवत् सञ्चालन गर्न मन्त्रालयको विशेष अग्रसरताको लागि अर्थ मन्त्रालयका सचिवज्यूको ध्यानाकर्षण गराइएको ।

(१०) वन अतिक्रमण, फडानी, बहुमूल्य वन पैदावार चोरी निकासी लगायतका विषयहरूमा केन्द्रिय स्तरबाट तदारुकताका साथ मातहतका निकायमा कारवाहीको लागि पत्राचार भए तापनि राष्ट्रिय पत्रपत्रिकामा वन अतिक्रमण, फडानी र चोरी निकाशी सम्बन्धमा बारम्बार समाचारहरू प्रकाशित भइरहेकोले वन मन्त्रालयको विशेष अग्रसरताको लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ को खण्ड (ख) र (छ) ले दिएको अधिकार प्रयोग गरी माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराइएको ।

(११) मिति २०६६।९।२० गते जिल्ला कृषि विकास कार्यालय, संखुवासभामा अनियमितता भएको भन्ने उजुरी निवेदनको प्रारम्भिक छानविन गर्दा उक्त कार्यालयले आ.व. २०६४/०६५ मा सञ्चालन गरेका कार्यक्रमहरू मध्ये बीउ बिजन बिक्री, आलु ढुवानी र विषादी वितरण जस्ता कार्यहरूका कागजी प्रकृयामा केही त्रुटिहरू देखिएको तथा सम्बन्धित बील भर्पाइ व्यवस्थित तरिकाले राखेको नपाइएकोले यस विषयमा जिल्ला प्रशासन कार्यालय, संखुवासभाले सम्बन्धित कार्यालयलाई दिएको निर्देशन पालना भए/नभएको बारे अनुगमन गर्न श्री प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराई फाइल तामेलीमा राखिएको ।

(१२) मुक्त कमैया, सुकुम्वासी र बाढी पीडितका नाममा कैलाली जिल्लाको विभिन्न स्थानमा वन अतिक्रमण भइरहेको सम्बन्धमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिलाई ध्यानाकर्षण गराइएको ।

**(झ) केन्द्रले दिएका निर्देशनहरू**

केन्द्रले गरेको सूचना सङ्कलन, प्रारम्भिक छानविन, आवश्यकतानुसार गरिएको अनुगमन, निरीक्षण, छड्के जाँचबाट प्राप्त प्रतिवेदनको आधारमा आ.व. २०६६/०६७ मा देहाय बमोजिमका विषयमा विभिन्न निकायहरूलाई निर्देशन दिइएको छ :-

(१) वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले चेतनामूलक २६ भागको टेलिसिरियल उत्पादन गर्न लाग्दा कमजोर मिडियालाई दिई पारदर्शिता नभएको भनी प्राप्त उजुरीका बारेमा केन्द्रले प्रारम्भिक छानविन गर्दा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम काम भएको नदेखिएकोले प्रचलित कानुन बमोजिम गर्न मिति २०६७।२।३ को निर्णयानुसार निर्देशन दिईएको ।

(२) साविक चावहिल गा.वि.स. ९ ख कि.नं. ६४ को गुठी जग्गा बाबुकाजी खड्गीले अनियमित तरिकाले रैकर गरेकोले गुठी नै कायम गरी पाऊँ भनी परेको उजुरी उपर सक्कल फायल झिकाई प्रारम्भिक छानविन गरी केन्द्रमा सोसँग सम्बन्धित निकायका प्रतिनिधीहरू बोलाई बैठक एवम् छलफल गरी सम्मानित अदालतको फैसला बमोजिम १५ दिनभित्र गुठी नै कायम गर्ने गरी निर्णय सहित सक्कल फायल फिर्ता पठाई निर्णय कार्यान्वयन गर्न मिति २०६७।३।३२ मा सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइएको ।

(३) झापा, धाइजन- ६ कि.नं. २९२ को विवादित जग्गाको विषयमा परेको उजुरीका सम्बन्धमा महानन्द भण्डारी नामका दुई जनाको दावी रहेको, निज दुबैको तिनपुस्ते फरक फरक भएको र हकदावी सम्बन्धी काम कारवाहीमा तथ्यपूर्ण आधार प्रमाण कागजात दुबैले पेश गर्न नसकेकोमा मालपोत ऐन, २०३४ अनुसार यस सम्बन्धमा कारवाही गर्ने अधिकार मालपोत कार्यालयलाई भएकोले मिति

२०६७।३।२० को निर्णयानुसार मालपोत कार्यालय, झापामा फाइल पठाई कारवाही टुङ्गो लागेपछी जानकारी दिन निर्देशन दिइएको ।

(४) लिक्वीडेशनमा गैसकेको हिमाल सिमेन्ट उद्योग कम्पनी लि. को सम्पत्ति लिलाम प्रकृया सम्बन्धी उजुरीमा टेण्डर प्रकृया अगाडि बढाँउदा अर्थ मन्त्रालयसँग समन्वय गरेर मात्र लिलाम प्रकृया अगाडि बढाउन मिति २०६७।३।२० को निर्णयानुसार उक्त कम्पनिलाई निर्देशन दिइएको ।

(५) गुठी संस्थान अन्तर्गतका कर्मचारीहरूले आन्तरिक वढुवामा नक्कली प्रमाणपत्रवालालाई बढुवा गरेको भन्ने केन्द्रमा प्राप्त उजुरी उपर छानविन गर्दा शैक्षिक प्रमााणपत्रधारी कर्मचारीहरूको शैक्षिक प्रमाणपत्र प्रमाणिकरण गरेर मात्र बढुवा सम्बन्धी कारवाहीमा समावेश गर्न गराउन लगाउने गरी गुठी संस्थान केन्द्रिय कार्यालयलाई मिति २०६७।१।३० को निर्णयानुसार निर्देशन दिइएको ।

(६) धनुषा जिल्ला कुर्था गा.वि.स. सचिवले सेवाग्राहीसँग सरकारी कारोवार गर्दा रसिद दिने नगरेको भनी प्राप्त उजुरीका सम्बन्धमा छानविन गर्दा सबै सेवाग्राही कार्यालयले अनिवार्य रूपमा रसिद नम्बर राखी रसिद नियन्त्रण किताब राख्ने ब्यबस्था हुन मिति २०६६।११।९ गतेको निर्णयानुसार स्थानीय विकास मन्त्रालय, उर्जा मन्त्रालय, सिंचाइ मन्त्रालय, श्रम तथा यातायात ब्यबस्था मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिइएको ।

(७) जनकपुर नगरपालिका कार्यालयको विकास निर्माणको काममा कमी-कमजोरी भएको भनी सेवानिवृत्त कर्मचारी परिषद्ले दिएको उजुरीका सम्बन्धमा छानविन गर्दा उक्त परिषद्ले दिएको सुझाव स्रोत-साधनको अधिनमा रही कार्यान्वयन गर्दै जान मिति २०६६।८।५ को निर्णयानुसार जनकपुर नगरपालिकालाई निर्देशन दिइएको ।

(८) पद्म कन्या उच्च माध्यमिक विद्यालय, डिल्लीबजारका प्रधानाध्यापक र अध्यक्षले अख्तियारको दुरुपयोग गरी विद्यालयको स्वामित्वमा रहेको भवनसँग जोडिएका पसल तथा सटर मनपरी भाडामा लगाई अनियमितता गरेको भन्ने प्राप्त उजुरी सम्बन्धमा छानविन गरी यस केन्द्रले प्रकृयागत रूपमा टेण्डर प्रकृया अपनाई भाडामा लगाउन मिति २०६७।३।८ मा निर्देशन दिएको ।

(९) मकै बाली कार्यक्रम, रामपुर चितवनमा अनियमितता भएको भन्ने उजुरी सम्बन्धमा छानविन गर्दा टाँडी स्थित हरियाली क्षेत्रको ६ हेक्टर बाँझो जग्गा १ वर्षको लागि प्रति हेक्टर ३०० के.जी. मकैको बीउ उत्पादन गरी कार्यक्रमलाई बुझाउने सर्तमा नेपाल एग्रो सिड्स एण्ड इन्पुट्स केन्द्र प्रा.लि. रामपुरलाई दिएकोमा उक्त कम्पनीले ६ महिना मात्र उक्त जग्गा उपभोग गरी सो अवधिको मात्र मकैको वीउको सट्टा कार्यक्रमलाई रकम बुझाएको देखिएकोले त्यसबाट कार्यक्रमको उद्देश्य पूरा हुन नसक्ने भएको हुँदा आइन्दा शर्तमा उल्लेख भए अनुसार कार्य गर्न उक्त कार्यालयलाई निर्देशन दिएको।

(१०) मिति २०६५।४।१५ गते काठमाण्डौ भोटाहिटी साझाका जि.एम. अम्वर थापाले कर्मचारीहरूसँग मिली सिमेन्टको बिक्री वितरणमा भेदभाव गरी पैसा असुली गरेको भन्ने आशयको उजुरी निवेदनमा छानविन भई उक्त साझा भण्डार लि. लाई भविष्यमा नियमित, पारदर्शी तथा क्रमानुसार सिमेन्ट वितरण गर्न निर्देशन दिएको ।

(११) गोरखा, तनहुँ, लमजुङमा सरकारी भवन निर्माण सम्बन्धी विभिन्न टेण्डर दाखिला प्रकृयामा माओवादीहरूले वाई.सी.एल. परिचालन गरी आफू निकटका ठेकेदारहरूलाई मात्र फारम दर्ता गराउने वातावरण मिलाई एकलौटी ढङ्गले टेण्डर दर्ता गराएको भन्ने उजुरीका सम्बन्धमा यस केन्द्रको मिति २०६७।१।८ को निर्णय अनुसार मिलोमतोमा एकलौटी रुपले बोलपत्र दर्ता गराएकोले बोलपत्रहरू सार्वजनिक खरीद ऐन २०६३ को दफा २६ (६) बमोजिम रद्द गरी बढी स्वच्छ,व्यापक, प्रतिस्पर्धात्मक एवम् पारदर्शी वातावरण बनाई पुन: बोलपत्र आव्हानको प्रकृया अगाडि बढाउन भ्र.नि. ऐन २०५९ को दफा ३८ बमोजिम सम्बन्धित निकायलाई निर्देशन दिएको ।

(१२) स्वास्थ्य सेवा विभाग अन्तर्गत आपूर्ति व्यवस्था महाशाखाले मलेरिया र कालाज्वर जस्ता महामारी नियन्त्रण गर्ने प्रयोजनका लागि उपयोग गरिने विषादी खरिद गर्नका लागि टेण्डर आव्हान गरेकोमा

गुणस्तरहीन विषादी खरिद प्रकृया रोकी पाऊँ भन्ने विषयमा परेको उजुरीका सम्बन्धमा यस केन्द्रले विभागमा दर्ता भएका बोलपत्रहरूको Terms and Condition र विषादीको Specification अनुरुप भए नभएको बारे अनुसन्धान प्रक्रियालाई केन्द्रित गरी देखिएका त्रुटिहरू सच्याउन तथा स्पेसिफिकेसन अनुरुप बोलपत्र स्वीकृत गर्न मिति २०६६।११।२३ मा स्वास्थ्य सेवा विभागलाई निर्देशन दिएको ।

**(ञ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कारवाहीका लागि लेखी पठाएका विषयहरू**

केन्द्रमा परेका उजुरीहरूको प्रारम्भिक छानविन एवम् अन्वेषणबाट अनियमित र भ्रष्टाचारजन्य कार्य भएको देखिएका विषयहरूमा थप छानविन तथा कारवाहीका लागि अ.दु.अ.आ. मा पठाउने गरिएको छ । आ.व. २०६६/०६७ मा केन्द्रले त्यसरी थप छानविनसहित कारवाही गर्न अनुरोध गरी पठाइएका विषयहरू देहाय बमोजिम रहेका छन् :-

(१) चितवन जिल्ला विकास समितिबाट सञ्चालित विकास निर्माणको कार्यमा अनियमितता भएको भनी हिमाल खवर पत्रिकामा प्रकाशित समाचारका सम्बन्धमा अनुसन्धान गर्न टोली खटिई अनुसन्धान गरी पेश गरेको प्रतिवेदनबाट अनियमितता भए गरेको पाइएकोले मिति २०६६।६।२७ को निर्णयानुसार सो सम्बन्धमा थप अनुसन्धान तथा आवश्यक कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको ।

(२) बारा जिल्ला विकास समितिबाट सञ्चालित विकास निर्माणको काममा अनियमितता भएको भनी कान्तिपुर टेलिभिजनमा मिति २०६६।४।३२ गते प्रशारित समाचारका सम्बन्धमा टोली खटिई अनुसन्धान गरी टोलीले पेश गरेको प्रतिवेदनबाट प्रचलित कानुनको परिधिभित्र रही काम भएको नपाइएकोले सो सम्बन्धमा थप अनुसन्धान तथा आवश्यक कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।

(३) तनहुँ जिल्लाको खैरेनी बस्ने चिजकुमार श्रेष्ठले जिल्ला प्राविधिक कार्यालय, लमजुङको सब-इन्जिनियर पदमा र नेपाल विद्युत प्राधिकरणको ड्राफ्टम्यान पदमा एउटै ब्यक्ति एउटै समयमा दूई पदमा रही सरकारी तलब भत्ता लिइरहेको अनुसन्धानबाट देखिँदा सो सम्बन्धमा आवश्यक कारवाहीका लागि मिति २०६६।६।३० गतेको निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको ।

(४) मालपोत कार्यालय चावहिलका ना.सु. भुवन थापाले भ्रष्टाचार गरी अकूत सम्पत्ति कमाएको भनी परेको उजुरीमा केन्द्रबाट प्रारम्भिक छानविन गरेपश्चात् थप छानविन एवम् कारवाहीको लागि मिति २०६७।८।७ को निर्णयानुसार अ.दु.अ.आ. मा पठाइएको ।

(५) भक्तपुर मालपोत कार्यालयमा कार्यरत खरिदार देवराज के.सी.ले सेवाग्राहीलाई दुखः दिई भ्रष्टाचार गरेको भनी परेको उजुरीमा सोही प्रकृतिको उजुरी आयोगमा पनि परी छानविन भैरहेको भन्ने देखिएकोले केन्द्रबाट मिति ०६६।८।२९ को निर्णयानुसार थप छानविनको लागी अ.दु.अ.आ.मा पठाइएको ।

(६) नापी कार्यालय, धनुषाका नापी निरीक्षक सत्यनारायण मण्डलले भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाएको भनी परेको उजुरीमा केन्द्रबाट प्रारम्भिक छानविन गर्दा सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि छानविन भैरहेको देखिएकोले मिति ०६७।१।५ को निर्णयानुसार थप छानविन एवम् कारवाहीको लागि अ.दु.अ.आ. मा पठाइएको ।

(७) नेपाल वायुसेवा निगमका रजिष्ट्री शाखाका अधिकृत लक्ष्मीनारायण प्रसाद बर्मा (L.N.P.) ले आर्थिक अनियमितता गरेको विषयको उजुरीउपर केन्द्रबाट छानविन गर्दा आर्थिक अनियमितता भएको प्रारम्भिक छानविनमा देखीएकोले थप छानविनको लागि मिति ०६७।२।१० को निर्णयानुसार अ.दु.अ.आ. मा पठाइएको ।

(८) काठमाण्डौको धोवीखोलाको सार्वजनिक जग्गा व्यक्ति विशेषले नियन्त्रणमा लिई पास गरे भनी परेको उजुरीउपर केन्द्रबाट प्रारम्भिक छानविन गर्दा सोही विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि छानविन भैरहेको देखिएकोले मिति ०६६।१२।१० को निर्णयानुसार थप छानविन एवम् कारवाहीको लागि अ.दु.अ.आ.मा पठाइएको ।

(९) हेटौडा सिमेन्ट उद्योग लि.का कर्मचारीहरूले बातावरण प्रदुषण सम्बन्धी मेशिन खरिद गर्दा टेण्डर प्रकृयामा अनियमितता भएको भनी परेको उजुरी उपर केन्द्रबाट छानविन गर्दा प्रचलित कानुन बमोजिम भएको नदेखिएकोले थप छानविन एवम् कारवाहीको लागि मिति २०६७।२।३ को निर्णयानुसार अ.दु.अ.आ.मा पठाइएको ।

(१०) मिति २०६५।११।१९ मा प्राप्त नेपाल कृषि अनुसन्धान परिषद्को गैरकानूनी बढुवा रद्द गरी पाऊँ भन्ने समेतको उजुरी सम्बन्धमा गरिएको प्रारम्भिक छानविनबाट उक्त परिषद्मा विभिन्न स्तरका २४९ जना कर्मचारीको बढुवा सो परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ (पाँचौं संशोधन) को विनियम ९३ (१) र (३) बमोजिम नमिलेको देखिएकोले थप कारवाहीको लागि उक्त उजुरी निवेदनको फाइल भ्रष्टाचार निवारण ऐनको दफा ३८ को (झ) तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १२ को उपनियम (६) बमोजिम मिति २०६६।१०।१५ को निर्णयानुसार थप छानविन एवम् कारवाहीको निम्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको ।

(११) राष्ट्रिय प्रकृति संरक्षण कोष, जावलाखेलमा कार्यरत प्रशासन सहायक-२ पदका अर्जुन कार्कीले बढुवा प्रयोजनको लागि पेश गरेका शैक्षिक प्रमाणपत्रहरू नक्कली भएको बारे यस केन्द्रमा प्राप्त उजुरीका सम्बन्धमा आवश्यक कारवाहीको लागि सक्कल कागजात सहित अ.दु.अ.आ.मा पठाएको ।

(१२) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा कार्यरत शाखा अधिकृत कुमार ढुङ्गाना समेतका व्यक्तिहरूले अनियमितता तथा सामान हिनामिना गरेको भन्ने व्यहोराको उजुरी उपर स्थलगत छानविन समेत गरी मिति २०६६।१२।२० मा आवश्यक कारवाहीको लागि प्रतिवेदन अ.दु.अ.आ.मा पठाएको ।

यस केन्द्रले आ.व. २०६६/०६७ मा गरेका कामहरूको वार्षिक प्रगति तालिका अनुसूची “ड” मा समावेश गरिएको छ ।

## ६. प्राविधिक परीक्षण

### (क) पृष्ठभूमि

सार्वजनिक निकायबाट निर्माण वा सञ्चालन गरिने आयोजनाहरूको उचित गुणस्तर कायम गरी तोकिएको लागत र समयमा पारदर्शी ढङ्गले सम्पन्न गर्न तथा ती आयोजनाहरूबाट सर्वसाधारणलाई दिगो रूपमा अपेक्षित प्रतिफल प्राप्त गराउन प्राविधिक परीक्षण (Technical Audit) को आवश्यकता पर्दछ । प्राविधिक परीक्षणलाई सिलसिलाबद्ध, स्वतन्त्र र प्रामाणिक प्रकृया जसमा प्रमाणहरू खोजेर तिनको वस्तुगत रूपमा मूल्याङ्कन गरी योजनाबाट आसा गरे अनुरुपको आवश्यकता र अपेक्षा पूरा हुन्छ हुँदैन भनेर निर्क्यौल गर्ने कार्यको रूपमा अन्तर्राष्ट्रिय स्तर निर्धारण संस्था (ISO) ले लिएको पाइन्छ । प्राविधिक परीक्षणले आयोजनाको काममा सुधार ल्याउने, त्रुटि हुन नदिने, त्रुटि भै हाले तत्काल सच्याउने र यस किसिमको त्रुटि अन्य आयोजनामा हुन नदिने कार्यमा मद्दत पुऱ्याउँछ ।

प्राविधिक परीक्षणको कार्य नेपालको सन्दर्भमा त्यति पुरानो होइन । आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ मा भएको पहिलो संशोधनमा नियम६२ (क) थप गरी राष्ट्रिय योजना आयोगमा प्राविधिक परीक्षण महाशाखा स्थापना भएको पाइन्छ । तत्पश्चात् विश्व बैंकको सहयोगमा भौतिक योजना तथा निर्माण मन्त्रालयमा सञ्चालन गरिएको सडक मर्मत तथा विकास आयोजना अन्तर्गत प्राविधिक परीक्षण क्षमता विकास परियोजना लागू गरियो । उक्त परियोजनाबाट सन् २००५ मा आवास, सडक एबम् खानेपानी तथा सरसफाई सम्बन्धी प्राविधिक परीक्षण म्यानुअलहरू तयार गरिएको थियो ।

उपर्युक्त पृष्ठभूमिमा तत्कालीन नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६०।४।२८ को निर्णयबाट यस राष्ट्रिय सतर्कता केन्द्रमा प्राविधिक परीक्षण महाशाखा स्थापना भै उक्त कार्यको जिम्मेवारी केन्द्रलाई प्राप्त भयो । सो बमोजिम केन्द्रले नेपाल सरकार तथा सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूबाट सञ्चालन गरिने योजनाहरूको प्राविधिक परीक्षण गर्न सक्ने भयो । त्यस्तै, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ लागू भए पश्चात् प्राविधिक परीक्षणको सन्दर्भमा स्पष्ट कानूनी व्यवस्था भएको पाइन्छ । सो नियमावलीको परिच्छेद-६ मा प्राविधिक परीक्षण सम्बन्धी व्यवस्था गरिएको छ । नियमावली बमोजिम केन्द्रले सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिने आयोजनाहरूको आवश्यकता अनुसार प्राविधिक परीक्षण गर्नु पर्ने हुन्छ ।

केन्द्रले आयोजनाको प्राविधिक परीक्षण गराउन ईन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी ईन्जिनियरिङ क्षेत्रमा कम्तिमा १० वर्ष सेवा वा व्यवसाय गरेको, नेपाल ईन्जिनियरिङ परिषद्मा दर्ता भएको र प्रचलित कानुन बमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएको ब्यक्तिहरू मध्येबाट एक सूची तयार गर्ने तथा सूचीमा समावेश भएका व्यक्तिहरूलाई तालिमको व्यवस्था गर्ने गर्दछ । आयोजनाको प्राविधिक परीक्षण गर्न केन्द्रले तालिम प्राप्त ती ब्यक्तिहरू मध्येबाट परीक्षकको रूपमा खटाउने कार्य गर्दछ ।

### (ख) प्राविधिक परीक्षणका चरणहरू

यस केन्द्र मार्फत् सरकारी तथा सार्वजनिक संस्थाबाट निर्माण/सञ्चालन गर्ने आयोजनाहरूको देहाय मध्ये कुनै एक, एकभन्दा बढी वा सबै चरणहरूको प्राविधिक परीक्षण गरिन्छ :-

१. योजना तर्जुमा तथा डिजाइन :- यस चरणमा आयोजनाको प्रारुप तयारी तथा डिजाइन पर्दछन् । मुख्यतया यो चरण Design Quality तथा Adequacy सम्बन्धित हुन्छ ।

२. खरिद वा ठेक्कापट्टा :- यो चरण सेवा, वस्तु तथा निर्माण सामाग्री खरिद तथा प्राप्तिसँग सम्बन्धित हुन्छ । यसमा मुख्यतया आर्थिक प्रशासन निमायवली, पारदर्शिता तथा दातृ संस्थाको आवश्यकतासँग समन्वय भए नभएको विषय हेरिन्छ ।

३. निर्माण :- यो चरण आयोजनाको निर्माण तथा कार्यान्वयनसँग सम्बन्धित हुन्छ । यसमा मुख्यतया गुणस्तर, लागत, कार्यतालिका, ठकेदारसँगका कानूनी विवादसँग सम्बन्धित विषय हेरिन्छ ।

४. निर्माणपछिको सञ्चालन र सम्भार :- यो चरणमा योजनाको संरचनाको दिगोपन, डिजाइनको उपयुक्तता तथा लागत प्रभावकारिता आदि विषयहरूमा अध्ययन गरिन्छ ।

### (ग) प्राविधिक परीक्षणमा हेरिने विषयहरू

केन्द्रले आयोजनाको प्राविधिक परीक्षण गर्दा आयोजनाको लागत, समय, गुणस्तर, प्रभावकारिता र प्राप्त उपलब्धी समेतलाई विचार गर्नुपर्ने हुन्छ । राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ अनुसार प्राविधिक परीक्षणमा हेरिने विषयहरू निम्न छन् :-

१. प्राविधिक परीक्षणको कार्यलाई आयोजनाको अभिन्न कार्यको रूपमा राखे वा नराखेको ।
२. आयोजनाको डिजाइन उपयुक्त भए वा नभएको ।
३. आयोजनाबाट अपेक्षित उपलब्धी हासिल हुन सक्ने वा नसक्ने ।
४. आयोजनाको प्रभावकारिता र दिगोपना भए वा नभएको ।
५. आयोजनाको प्रारुप तयारी तथा सम्भाव्यता अध्ययन, सेवा, वस्तु वा निर्माण सामाग्रीको खरिद तथा प्रयोग र आयोजनाको कार्यान्वयन गर्दा सार्वजनिक निर्माण निर्देशिका वा अन्य प्रचलित कानुनले तोकेको तरिका र गुणस्तर बमोजिम भए वा नभएको ।
६. आयोजनाको लागि गरिएको बजेट व्यवस्था र निकासा ठीक भए वा नभएको ।
७. आयोजनाको लक्ष्य निर्धारण भए वा नभएको र लक्ष्य निर्धारण भएकोमा तदनुरुप काम भए वा नभएको ।
८. निर्धारित समयमा नै आयोजनाको काम शुरु भए वा नभएको ।
९. आयोजना अन्तर्गत सम्पन्न हुने वा भएका कार्यहरूले अपेक्षाकृत सेवा दिन सक्ने नसक्ने ।

१०. आयोजना सम्पन्न गर्नको लागि समय तालिका भए वा नभएको र समय तालिका भए सो अनुरुप कार्य प्रगति भए वा नभएको ।

११. आयोजना सम्पन्न गर्न र गुणस्तर कायम राख्ने सम्बन्धमा आयोजना सम्बन्धी करारमा आवश्यक व्यवस्था भए वा नभएको ।

१२. निर्माण कार्य अनुमानित लागत अनुरुप सम्पन्न भए वा नभएको ।

१३. आयोजना उद्देश्य अनुरुप कार्यान्वयन भए वा नभएको ।

१४. आयोजना सम्पन्न भएपछि सो को सञ्चालन तथा मर्मत सम्भारको लागि आर्थिक तथा भौतिक व्यवस्था भए वा नभएको ।

**(घ) आ.व. २०६६/०६७ मा प्राविधिक परीक्षण गरिएका आयोजनाहरू**

यस केन्द्रले आ.व. २०६६/०६७ मा देहाय बमोजिमका सरकारी वा सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिएका आयोजनाहरूको प्राविधिक परीक्षण गरी परीक्षणका क्रममा देखिएका समस्याहरू बारे सम्बन्धित निकायहरूलाई सुधारको लागि सुझाव तथा निर्देशन दिइएको छ :-

**(१) खोडपे - झोटा - बझाङ्ग सडक आयोजना, बझाङ्ग/बैतडी**

निर्माण गर्ने निकायः Road Sector Development Project (RSDP)

सुझावहरूः

(क) माटोलाई सडकमा थुपारी नराखी, तोकिएको ठाउँमा मात्र थुपार्नुपर्ने ।

(ख) भत्किएको ड्रेन वाल तत्काल मर्मत गर्नुपर्ने र Gabion मा उपयुक्त ढुङ्गा राम्ररी भर्नुपर्ने ।

(ग) ब्याक फिलिङ्गको काम तुरुन्तै शुरु गर्नुपर्ने ।

**(२) सुर्खेत - कालिकोट - मान्मा सडक आयोजना, सुर्खेत / दैलेख**

निर्माण गर्ने निकायः Road Sector Development Project (RSDP)

सुझावहरूः

(क) Breast Wall को ब्याक फिलिङ्गको काम तुरुन्तै शुरु गर्नुपर्ने ।

(ख) माटोलाई सडकमा थुपारी नराखी तोकिएको ठाउँमा मात्र थुपार्नु पर्ने ।

(ग) उपयुक्त ढुङ्गा राम्रोसँग Gabion जालीमा भर्नुपर्ने ।

**(३) सतबंज - गोकुलेश्वर सडक आयोजना, बैतडी/दार्चुला**

निर्माण गर्ने निकायः Road Sector Development Project (RSDP)

सुझावहरूः

(क) कामदारहरूलाई सेफ्टी हेलमेट लगाई काम गराउनु पर्ने ।

(ख) हिल साईड स्लोप कटीङ्ग गर्दा सम्बन्धित निकायले पूर्ण रूपले निरीक्षण गर्नु पर्ने ।

(ग) ड्रेन वालहरू राम्ररी निर्माण गर्ने ।

**(४) रत्ननगर साना शहरी खानेपानी आयोजना**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरूः

(क) पानीको गुणस्तर जाँच गर्न प्रयोगशालाको व्यवस्था गर्ने ।

(ख) आयोजना सम्पन्न प्रतिवेदन प्राप्त गर्नु पर्ने ।

(ग) मर्मत संभार निर्देशिकाको व्यवस्था हुनु पर्ने ।

**(५) बर्दघाट साना शहरी आयोजना, नवलपरासी**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरूः

(क) पानीको गुणस्तर जाँच गर्न ल्यावको व्यवस्था गर्ने ।

(ख) आयोजना सम्पन्न प्रतिवेदन प्राप्त गर्नु पर्ने ।

(ग) मर्मत संभार म्यानुयलको व्यवस्था हुनु पर्ने ।

**(६) बिर्तामोड साना शहरी खानेपानी आयोजना, झापा**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरू:

(क) पानी चौविसै घण्टा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ख) पानीको नियमित परीक्षण गर्न प्रयोगशाला तथा जनशक्तिको व्यवस्था गर्ने ।

(ग) योजना सम्पन्न प्रतिवेदन नभएकोले सो तयार गराउन तथा प्राप्त गर्ने व्यवस्था गर्ने ।

(घ) मर्मत संभार कोषको व्यवस्था गर्ने ।

(ङ) कम धारा जडान गरेकोले आवश्यक मात्रामा धाराहरू जडान गर्ने व्यवस्था गर्ने ।

(७) **सुनवल साना शहरी खानेपानी आयोजना, नवलपरासी**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरू:

(क) पानीको नियमित परीक्षण गर्न प्रयोगशालाको व्यवस्था गर्ने ।

(ख) खानेपानी उपभोक्ता समितिका कर्मचारीहरूलाई आवश्यक तालिमको व्यवस्था गर्ने ।

(ग) आयोजना सम्पन्न प्रतिवेदन प्राप्त नभएकोले आवश्यक कारवाही अगाडि बढाउने ।

(घ) मर्मत संभार निर्देशिकाको लागि अन्तिम भुक्तानी अघि नै ठेकदारलाई निर्देशन दिने ।

(८) **फिक्कल साना शहरी खानेपानी आयोजना, ईलाम**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरू:

(क) कम धारा मात्र जडान भएकोले आवश्यक धारा जडानको व्यवस्था गर्ने ।

(ख) आयोजना सम्पन्न प्रतिवेदन प्राप्त नभएकोले आवश्यक कारवाही अगाडि बढाउने ।

(९) **बुधबारे साना शहरी खानेपानी आयोजना, झापा**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरू:

(क) पानी आठ घण्टा मात्र सञ्चालन भएकोले चौविसै घण्टा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने ।

(ख) पानीको परीक्षणको लागि प्रयोगशालाको व्यवस्था गर्ने ।

(ग) कम धारा मात्र जडान भएकोले आवश्यक धारा जडानको व्यवस्था गर्ने ।

(घ) फ्लो मिटरको तुरुन्तै मर्मत सम्भार कार्य गर्ने ।

(ङ) पानी प्रदुषण हुनबाट संरक्षण कार्य गर्ने ।

(१०) **महेन्द्रनगर साना शहरी खानेपानी आयोजना, कञ्चनपुर**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरू:

(क) मर्मत संभार निर्देशिका को व्यवस्था गर्ने ।

(ख) पानीको परीक्षणको लागि प्रयोगशालाको व्यवस्था गर्ने ।

(ग) आयोजना सम्पन्न सर्टिफिकेटको आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्ने ।

(११) **लम्की साना शहरी खानेपानी आयोजना, कैलाली**

निर्माण गर्ने निकायः खानेपानी तथा ढल निकास विभाग

सुझावहरू:

(क) मर्मत संभार निर्देशिका बुझाउन सम्बन्धित ठेकदारलाई पत्राचार गर्ने ।

(ख) अन्तिम बिल भुक्तानी अगाडि नै अन्तिम प्रतिवेदनको लागि आग्रह गर्ने ।

(ग) उपभोक्ता समितिका कर्मचारीहरूलाई प्रयोगशाला सम्बन्धि तालिम तथा अन्य आवश्यक तालिमका लागी खानोपानी डिभिजन कार्यालयमा आग्रह गर्ने ।

(१२) **जिल्ला कारागार भवन निर्माण, ईलाम**

निर्माण गर्ने निकायः  नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभाग

सुझावहरू:

(क) स्पेसीफिकेसनलाई निर्माण कार्य अनुरूप तयार गर्न व्यवस्था गर्ने ।

(ख) शहरी विकास तथा भवन निर्माण विभागबाट अनुगमन गर्ने कार्य बढाउने ।

(ग) काम सम्पन्न गर्दा स्पेशीफिकेशन राम्ररी अनुशरण गर्नु पर्ने ।

(१३) **औरीया - रामपुरखर्क - बनकुल -हिमालीबास सडक, रौतहट**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावः

(क) कार्य तालिका र QAP लाई करारको अभिन्न अङ्गको रूपमा राख्ने व्यवस्था गर्ने ।

(१४) **कबहीधोत - बरियापुर सडक, बारा**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावः

(क) परीक्षण गर्न प्रयोगशालाको तुरुन्तै व्यवस्था गर्ने ।

(१५) **आत्माराम पथ, पर्सा**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावः

(क) CBFM राम्ररी सञ्चालन गर्नुपर्ने ।

(१६) **बगदुल्ला - बहने - सुलीबाङ्ग ग्रामिण सडक आयोजना, प्युठान**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सूझावहरूः

(क) जिल्ला प्राविधिक कार्यालय प्युठानले डिजाइन र ड्रईङ्ग तुरुन्तै तयार गर्ने ।

(ख) ठेकदारलाई सामानको परीक्षण गर्न प्रयोगशालाको व्यवस्था गर्ने/गराउने ।

(१७) **कालाकोट - गदहवा ग्रामिण सडक आयोजना, दाङ्ग**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावहरूः

(क) ठेकदारको Payment रोकेर भएपनि बिग्रिएको निर्माण कार्य तुरुन्त सच्याउने ।

(ख) सम्बन्धित निकायले अनुगमनको कार्य बढाउने ।

(ग) प्रयोगशाला व्यवस्था गर्न ठेकदारलाई लगाउने ।

(घ) आयोजना / ठेकदारबाट QAP को कार्यान्वयन गराउनु पर्ने ।

(१८) **हरथोक - छहरा - तिनाउ सडक आयोजना, पाल्पा**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावहरूः

(क) भत्किएको ठाउँमा ठेकदारलाई भनेर मर्मत गर्ने ।

(ख) बृक्षारोपणको कार्य गर्ने ।

(ग) ठेकदारलाई प्रयोगशालाको व्यवस्था गर्न लगाएर आवश्यक जाँचहरू गर्न लगाउने ।

(१९) **सन्धिखर्क - बालकोट - तम्घास ग्रामिण सडक आयोजना, अर्घाखाँची**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावहरूः

(क) बाटोको चौडाई स्पेसीफिकेशन अनुसार निर्माण गर्ने ।

(ख) Side Drain को Spoil Material हरू सफा गर्ने ,

(२०) **चकरचौडा - पकडी - पीपरा सडक आयोजना**

निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)

सुझावहरूः

(क) मर्मतको काम जि.वि.स.बाट गर्न व्यवस्था मिलाउने ।
(ख) Side Drain र Hume Pipe कल्भर्ट जि.वि.स. बाट मर्मत गर्नुपर्ने ।
(ग) Over size gravel हरू प्रयोगमा नियन्त्रण गर्ने ।

(२१) **राखी - भिजुरी - ग्रामिण सडक आयोजना, कास्की**
निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)
सुझावहरूः
(क) ठेकदारलाई आवश्यक गुणस्तर सुधारको लागि जानकारी गराउने ।
(ख) आयोजना / ठेकदारले QAP कार्यान्वयन गर्नुपर्ने ।

(२२) **भिमाद - भिरकोट सडक आयोजना, तनहुँ**
निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)
(क) कामको स्पेसीफिकेशन र करार शर्तहरूमा आयोजनाका अधिकारीहरू/ठेकदार पूर्ण जिम्मेवार हुनुपर्ने ।
(ख) आयोजना/ठेकदार ले QAP कार्यान्वयन गर्नुपर्ने ।

(२३) **रीढी -रुद्रबेनि - बामी टक्सार ग्रामिण सडक आयोजना, गुल्मी**
निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)
सुझावहरूः
(क) ठेकेदारको धरौटी रकमबाट भए पनि गुणस्तरहीन कार्यहरू सुधार गर्न लगाउने ।
(ख) ठेकदारलाई As built drawing बुझाउन लगाउने ।

(२४) **कुशाहा - बेलेटी - सडक आयोजना, सप्तरी**
निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)
सुझावहरूः
(क) प्रयोगशालाको परीक्षण तोकिएको मापदण्ड अनुसार गर्नुपर्ने ।
(ख) वातावरणीय प्रभावलाई राम्ररी ध्यान दिनुपर्ने ।

(२५) **गाईघाट - नेपालटार सडक आयोजना, उदयपुर**
निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)
सुझावहरूः
(क) Shoulder camber नियमीत मर्मत गर्ने ।
(ख) Concrete block edging लाई लागतमा समाहित गर्नुपर्ने ।
(ग) प्रमाणित नभएका ह्युम पाईप प्रयोग गर्न नहुने ।
(घ) नियमित रूपमा बातावरणीय तथा सामाजिक अनुगमन निर्देशिका अनुसार अनुगमन गर्नुपर्ने ।

२६) **खलंगा - हस्पीटल - सीमखर्क - कुभीन्डेदह सडक आयोजना, सल्यान**
निर्माण गर्ने निकायः Rural Infrastructure Improvement and Decentralization Project (RAIDP)
सुझावहरूः
(क) बिग्रीएको निर्माणहरू जि.वि.स. वा जि.प्रा.का. को कोषबाट सुधार गर्ने ।
(ख) आयोजना/ठेकदार ले QAP कार्यान्वयन गर्ने/गराउने ।
(ग) पहिरो र भूक्षयको रोकथामको कामहरू BOQ मा संलग्न गर्ने ।
(घ) प्रगति विवरणमा सम्पन्न गरिएको परीक्षण परिणामहरू सम्मिलित गर्नुपर्ने ।

(२७) **जिल्ला अस्पताल, ईलाम**
निर्माण गर्ने निकायः शहरी विकास तथा भवन निर्माण विभाग
सुझावहरूः

(क) विभागबाट नियमित अनुगमन राम्ररी गर्ने/गराउने।

(ख) विभागबाट Division Chiefs र Engineers लाई Refresher Training on Procurement and Contract management को व्यवस्था मिलाउने।

(ग) निर्माण सामाग्रीको लागि गुणस्तरीय गिट्टीको व्यवस्था गर्ने।

(घ) स्पेशिफिकेशनलाई निर्माण कार्य अनुरूप तयार गर्ने व्यवस्था गर्ने।

(२८) **धौलागीरी जिल्ला अस्पताल, बाग्लुङ्ग**

निर्माण गर्ने निकायः शहरी विकास तथा भवन निर्माण विभाग

सुझावहरूः

(क) बिमाको व्यवस्था BOQ मा नै गर्ने।

(ख) जाँच गर्ने ल्यावको व्यवस्था गर्नुपर्ने।

(ग) समयमा काम नसक्ने ठेकदारलाई जरिबानाको व्यवस्था गर्ने।

(२९) **अञ्चल यातायात व्यवस्था कार्यालय, कास्की**

निर्माण गर्ने निकायः शहरी विकास तथा भवन निर्माण विभाग

सुझावहरूः

(क) स्पेशिफिकेशनलाई निर्माण कार्य अनुरूप तयार गर्ने व्यवस्था गर्ने।

(ख) DUBC बाट अनुगमन गर्ने कार्य प्रभावकारी रूपमा हुनुपर्ने।

(ग) काम सम्पन्न गर्दा स्पेशिफिकेशन राम्ररी follow up गर्नुपर्ने।

(घ) DUDBC बाट Division Chiefs र Engineers हरूलाई Refresher training on procurement and contract management को व्यवस्था मिलाउने।

प्रतिवेदन प्राप्त भै नसकेको आयोजनाहरू

(३०) **मुग्लीङ्ग व्रिज-आबुखैरेनी-गोरखा सडक आयोजना, धादिङ्ग/गोर्खा**

निर्माण गर्ने निकायः Road Sector Development Project (RSDP)

(३१) **बुटवल-कोटी सडक आयोजना, बुटवल**

निर्माण गर्ने निकायः Road Sector Development Project (RSDP)

### (ङ) प्राविधिक परीक्षण तालिम

यस केन्द्रले आ.व. २०६६/०६७ मा पहिलो ब्याचमा २१ जना र दोस्रो ब्याचमा २० जना गरी जम्मा ४१ जना सूचीमा समावेश भएका ईन्जिनियरहरूलाई प्राविधिक परीक्षकको तालिम प्रदान गरेको छ।

### (च) प्राविधिक परीक्षणबाट अपेक्षित फाइदाहरू

यस केन्द्रले सम्पन्न गरेका प्राविधिक परीक्षणबाट देहाय बमोजिमको फाइदा हुने अपेक्षा गरिएको छ।

१. पूर्वाधारको गुणस्तरमा सुधार हुने।

२. सार्वजनिक निर्माण निर्देशिकाको कार्यान्वयनमा सुनिश्चितता हुने।

३. वस्तु तथा सेवाको खरिद प्रणालीमा पारदर्शिता आई खरिद प्रणाली मितव्ययी हुने।

४. लागतको हेरफेरमा कमी आउने तथा निर्माण सामग्रीको प्रयोगमा गुणस्तरीयता एबम् मितव्ययिता आउने।

५. वार्षिक मर्मत सम्भारमा कमी आउने।

६. परियोजनाको आयु लामो गराई परियोजना लागत चक्रमा कमी हुने।

### (छ) हालसम्मको उपलब्धी

- केन्द्रले हालसम्म स्वदेशी तथा विदेशी गरेर जम्मा १५६ जनालाई तालिम प्रदान गरी प्राविधिक परीक्षक तयार गरेको छ।
- हालसम्म १२२ वटा आयोजनाहरूको प्राविधिक परीक्षण सम्पन्न भएको छ।
- प्राविधिक परीक्षणको विषयमा सम्बद्ध संस्था/व्यक्तिहरूलाई जानकारी गराउन गोष्ठी/सेमिनारहरू सम्पन्न गरेको छ।

- प्राविधिक परीक्षणमा देखिएका कमीकमजोरीहरू हटाउन सम्बन्धित निकायहरूमा आवश्यक निर्देशन दिने गरिएको छ ।
- आ.व. २०६६/०६७ मा केन्द्रले प्राविधिक परीक्षकहरूको आचार संहिता २०६७ तयार गरी लागू गरेको छ ।
- परियोजनाका उपभोक्ता/स्थानीय जनता, परामर्शदाता, निर्माण व्यवसायीहरूमा आयोजनाको लागत, गुणस्तर र समय सीमा सम्बन्धमा सचेतना तथा जागृति आएको महशुस गरिएको छ ।

## ७. भविष्यका कार्य योजना

(१) <u>उच्च राजनैतिक एबम् प्रशासनिक प्रतिवद्धता हासिल गर्ने</u> :- दिन प्रति दिन मौलाउँदै र झाँगिदै गएको भ्रष्टाचारले राजनैतिक तथा प्रशासनिक अस्थिरता मात्र होइन, सरकारप्रतिको जनविश्वास समेत गुम्न सक्नेतर्फ उच्च राजनैतिक एबम् प्रशासनिक नेतृत्वलाई महसुस गराउँदै सुशासन प्रवर्द्धन गर्न केन्द्र प्रयत्नशील रहनेछ ।

(२) <u>भ्रष्टाचार बिरुद्ध चेतना अभिबृद्धिका लागि प्रचार-प्रसार</u> :- भ्रष्टाचार नियन्त्रणका लागि सरकार र आम जनताका चाहनाहरू बमोजिम भ्रष्टाचार बिरुद्धका निरोधात्मक र प्रचारात्मक कार्यहरूलाई व्यापक र बिस्तारित गरिंदै लगिनेछ ।

(३) <u>भ्रष्टाचार नियन्त्रणका लागि समन्वय र सहकार्य</u> :- भ्रष्टाचार नियन्त्रण जस्तो संवेदनशील कार्य केन्द्र/सरकार वा अन्य कुनै एक व्यक्ति, संस्था वा निकायबाट मात्र सम्भब नभएकोले यस विषयसँग सम्बद्ध सञ्चारक्षेत्र, सरकारी तथा गैरसरकारी संघ-संस्था, राजनैतिक संघ-संगठन, नागरिक समाज लगायत सबै पक्षहरूको समन्वय र सहकार्यलाई अझ बलियो र भरपर्दो बनाउँदै लगिनेछ ।

(४) <u>संस्थागत सुदृढीकरण</u> :- भ्रष्टाचार नियन्त्रणका लागि केन्द्रको सुदृढीकरण गर्ने सबालमा केन्द्रमा कार्यरत जनशक्तिको मनोबल, क्षमता अभिवृद्धि सहित श्रोत साधन सम्पन्न तुल्याउन केन्द्रको भवन व्यवस्थापन, संगठन परिमार्जन, कर्मचारी सुरक्षा, प्रोत्साहन भत्ता, स्वदेशी/विदेशी तालिम, सूचना सङ्कलन र गोप्य निगरानीका लागि आधुनिक प्रविधियुक्त साधनको उपलब्ध गराउन सम्बद्ध पक्षहरूसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

(५) <u>कानूनी व्यवस्थामा सुधार</u> :- केन्द्रले विद्यमान ऐन, नियमावलीबाट प्राप्त काम कर्तव्य र अधिकारको परिपालना गर्दै भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा सक्दो प्रयास गरिआएको छ । केन्द्रलाई थप जिम्मेवारी बहन गर्न र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा भरपर्दो निकायका रूपमा बिकास गर्न आवश्यक पर्ने कानूनी व्यवस्थाका लागि विद्यमान ऐन नियममा समयसापेक्ष, निरन्तर सुधार र सुदृढ गर्न प्रयास गरिनेछ ।

(६) <u>नागरिक बडापत्र कार्यान्वयन गराई सेवा सुधार गर्ने</u> :- आम जनताका लागि सार्वजनिक निकायहरूबाट उपलब्ध गराउने सेवा र सुविधाहरू ती निकायका नागरिक बडापत्रमा उल्लेख गरिए बमोजिम गर्न गराउन अनुगमन र निरीक्षणलाई तीब्रता प्रदान गरिनेछ ।

(७) <u>प्राविधिक परीक्षण मार्फत् विकास आयोजनाको दिगोपना</u> :- विकास निर्माणका लागि राज्यले गर्ने ठूलो लगानीमा सञ्चालन भएका आयोजनाहरूको गुणस्तर ह्रास, अनियमितता र दिगोपनामा आएको ह्रासबाट जनताले तिरेको करबाट उनीहरूकै लागि सञ्चालित विकास कार्यहरूको प्रतिफल न्यून भैरहेको महसुस गरिएको छ । उक्त परिप्रेक्षमा सञ्चालित बिकास आयोजनाहरूलाई दिगोपन, गुणस्तरीय, उपयोगी र प्रभावकारी तुल्याउने माध्यमको रूपमा रहेको प्राविधिक परीक्षणलाई मर्यादित, भरपर्दो, विश्वसनीय, मितव्ययी र व्यवस्थित गर्न प्राविधिक परीक्षकहरूको लागि आचार संहिताको निर्माण गरी यस कार्यलाई आयोजनाको अभिन्न अङ्गकै रूपमा बिकास गर्न केन्द्र क्रियाशील रहनेछ।

(८) <u>भ्रष्टाचार विरुद्धको रणनीतिमा सुधार</u> :- नेपाल सरकारले मुलुकमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्न भ्रष्टाचार विरुद्धको रणनीति, २०६५ लागू गरेको छ । उक्त रणनीतिले यस केन्द्रलाई धेरै

क्रियाकलापहरूको जिम्मेवारी प्रदान गरेको छ । रणनीतिमा उल्लिखित केन्द्रसँग सम्बन्धित क्रियाकलापहरूमा सुधार गरी कानुन अनुकूल, स्पष्ट तथा कार्यान्वयनमुखी गराउने प्रयास गरिनेछ ।

(९) **संघात्मक ढाँचा अनुरुप केन्द्रको स्वरूपमा पुनःविचार** :- हाल नेपाल संविधान निर्माणको चरणमा छ । वर्तमान अवस्थामा नेपालमा संघीय प्रणाली रहने निश्चित भए पनि त्यसको स्वरुप बारे अझै स्पष्ट हुन सकेको छैन । आगामी संविधानले निश्चित गर्ने संघीय प्रणाली अनुकूल हुने गरी यस केन्द्रको स्वरुप के कस्तो हुने भन्ने सम्बन्धमा प्रशासनिक पुनःसंरचना आयोग अन्तर्गत एक प्राविधिक समितिले कार्य गरिरहेको छ । त्यसबाट यस केन्द्रको भावी स्वरुप निर्धारण गरिने आसा लिइएको छ ।

## ८. केन्द्रका समस्याहरू

(१) कार्यालय भवन :- प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने तथा अनियमितता र भ्रष्टाचार नियन्त्रण जस्तो संवेदनशील कार्यक्षेत्र रहेको यस केन्द्रको कार्यालय भवन सिंहदरवार परिसरभित्रै रहनु पर्ने हो । तर गत वर्षदेखि केन्द्रको कार्यालय भवन अनामनगरमा भाडाको घरमा रहेको छ । सिंहदरवार परिसरबाहिर रहेकोले सुरक्षा तथा बारम्बार भैरहने लोडसेडिङको कारणले केन्द्रको कार्य सम्पादनमा अपेक्षित रूपमा सहजता र प्रभावकारिता आउन नसकेको अवस्था छ ।

(२) उच्च मनोबलयुक्त जनशक्ति :- केन्द्रको काम संवेदनशील तथा जोखिमयुक्त भएको तुलनामा केन्द्रमा कार्यरत कर्मचारीहरूलाई सुविधा तथा अवसर खासै नभएको कारणले उच्च मनोबलयुक्त देखिँदैनन् । केन्द्रमा स्वेच्छाले कर्मचारीहरू अन्यत्रबाट सरुवा भै आउन नचाहने र आइहाले पनि लामो समयसम्म बस्न नचाहने प्रवृत्ति देखिन्छ । फलस्वरुप केन्द्रका निजामतीतर्फका थुप्रै दरबन्दीहरू लामो समयदेखि रिक्त रहेको पाइन्छ । केन्द्रमा निजामती तथा प्रहरीतर्फका कर्मचारीहरू छन् । ती दुबैतर्फका कर्मचारीहरूको काममा खासै फरक नभएको अवस्थामा प्रहरीतर्फका कर्मचारीले राशन भत्ता र पोशाक भत्ता पाउँछन् जबकि निजामतीतर्फकाले त्यस्ता कुनै सुविधा पाउँदैनन् । प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहेको यस केन्द्रका कर्मचारीहरूले न त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराइएका सुविधा पाएका छन् न त उस्तै कार्यक्षेत्र भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उपलब्ध गराइएका सुविधाहरू नै पाएका छन् ।

(३) दक्ष तथा प्रशिक्षित जनशक्ति :- मुलुकको सरकारी/सार्वजनिक निकायमा रहेको भ्रष्टाचार तथा अनियमिततालाई नियन्त्रण गर्ने एवम् सो को लागि जनचेतना अभिवृद्धि गर्ने जस्तो जिम्मेवारी पाएको यस केन्द्रमा प्रभावकारी कार्य सम्पादनको सन्दर्भमा पर्याप्त दक्ष तथा प्रशिक्षित जनशक्ति हुन जरुरी हुन्छ । सूचना सङ्कलन, उजुरी अध्ययन गर्ने, प्रारम्भिक छानविन, अन्वेषण, अनुसन्धान, अनुगमन, निरीक्षण गरी आवश्यकतानुसार सम्बन्धित निकायलाई सचेत, सतर्क गराउने, निर्देशन दिने, कारवाहीको लागि लेखी पठाउने जस्ता कार्यहरू गर्न कर्मचारीहरू तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता माध्यमले प्रशिक्षित हुनुपर्ने हुन्छ । तर केन्द्रमा कार्यरत कर्मचारीहरूलाई सम्बन्धित कार्यको लागि स्वदेशी/विदेशी तालिमको व्यवस्था गर्न सकिएको छैन । फलस्वरूप केन्द्रको सम्बन्धित काममा दक्ष र प्रशिक्षित जनशक्तिको कमी महसुस गरिएको छ ।

(४) केन्द्रको केन्द्रीकृत संरचना :- कानुनले व्यवस्था गरे अनुसार यस केन्द्रले गाउँदेखि केन्द्रसम्म रहेका सम्पूर्ण सरकारी तथा सार्वजनिक निकायहरूमा हुने तथा हुन सक्ने अनियमितता सम्बन्धमा सूचना सङ्कलन, अन्वेषण, छानविन, निगरानी तथा अनुगमन गर्नुपर्ने हुन्छ । तर यस केन्द्रको क्षेत्रीय, जिल्ला, इलाका तथा गाउँ तहमा कुनै प्रशासनिक संरचना नभएकोले सबै क्षेत्रका मुद्दाहरूमा केन्द्र आफैले प्रभावकारी रूपमा कार्य गर्न कठिनाई भएको महसुस गरिएको छ ।

(५) कानूनी अस्पष्टता तथा अपर्याप्तता :- केन्द्रले आफ्नो कार्य गर्ने मुख्य कानूनी आधार भनेको भ्रष्टाचार निवारण ऐन, २०५९ र राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ हो । उक्त ऐनको दफा ३८ (ग) अनुसार केन्द्रको प्रमुख कार्यहरूमध्ये सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूले पेश गर्ने सम्पत्ति विवरण तथा आयको अनुगमन गर्नु पनि हो । सो अनुसार केन्द्रले कार्य सम्पादन गर्ने सन्दर्भमा उपर्युक्त नियमावलीमा केन्द्रले सम्पत्ति विवरण पेश गर्नुपर्ने, सार्वजनिक पद

धारण गरेको पदाधिकारीले सो विवरण पेश गरे/नगरेको र राख्न तोकिएको निकायले नियमित तरिकाले राखे नराखेको विषयमा मात्र सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने भन्ने उल्लेख भएकोले समस्या उत्पन्न भएको महसुस गरिएको छ । त्यस्तै, ऐनको उद्देश्यलाई नियमावलीले संकुचन गराइनु तथा नेपाल सरकारबाट स्वीकृत भ्रष्टाचार विरुद्धको रणनीति, २०६५ मा उल्लिखित कतिपय व्यवस्थाले ऐन नियमले तोकेको परिधिभन्दा बाहिर गै यस केन्द्रलाई जिम्मेवार गराइनुले केन्द्रका ती कार्यहरूमा व्यवधान खडा गरेको पाइन्छ ।

